**जाडो मौसममा चीसोबाट बचौं**

> जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
> तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
> घर तथा कोठा न्यानो बनाऔं,
> बालबालिका तथा वृद्धवृद्धालाई तेल मालिस गरिदिऔं,
> बढी चीसोमा मर्निङवाक नगरौं,
> दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ मङ्सिर २५ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 December 10 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १०२

## रवि लामिछानेलाई बयानका लागि वीरगंज ल्याइयो

प्रस, वीरगंज, २४ मङ्सिर/

सहकारीको रकम ठगी मुद्दामा राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष एवं पूर्वगृहमन्त्री रवि लामिछानेलाई सोमवार वीरगंज ल्याइएको छ। यही मङ्सिर १९ गते जिल्ला प्रहरी कार्यालय, पर्साले पर्सा जिल्ला अदालतबाट लामिछानेलाई बयानका लागि पक्राउ पुर्जी जारी गर्न माग गरेको थियो र अदालतले आदेश जारी गरेपछि उनलाई आज वीरगंज ल्याइएको हो ।



रवि लामिछानेलाई ल्याइएको प्रहरी भ्यानको सुरक्षा गर्दै प्रहरी । तस्वीरः प्रतीक

गत बुधवार राति नै पर्सामा ल्याउने कार्यक्रम रहे पनि मधेस प्रदेशमा शुक्रवार विवाहपञ्चमीको सार्वजनिक बिदा रहेको र भोलिपल्ट शनिवार परेको तथा आइतवार पञ्चवर्षीय गढीमाई मेलाको लागि प्रदेश सरकारले सार्वजनिक बिदा दिएको कारण उनलाई चितवनबाट रातारात कास्की जिल्लाको पोखरा बयानका लागि पुऱ्याइएको थियो ।

पोखराबाट सोमवार हवाईमार्गबाट काठमाडौं र त्यहाँबाट हवाईमार्गबाटै सिमरा ल्याएर जिप्रका, पर्सामा राखिएको छ । लामिछानेलाई वीरगंज ल्याउन लागिएपछि रास्वपाका कार्यकर्ता तथा समर्थकले प्रदर्शन गर्दै रिहाइका माग गरेका थिए ।

रास्वपाका केन्द्रीय सदस्य डा नन्दन यादव, जिल्ला अध्यक्ष हरि पन्तलगायतले प्रदर्शनमा ओली सरकारविरुद्ध नाराबाजी गर्दै अध्यक्ष लामिछानेलाई राज्यले फसाउन खोजेको भन्दै रिहाइको माग गरेका थिए ।

यस अघि काठमाडौंबाट बुद्ध एयरमा सिमरा विमानस्थलमा ओर्लेका लामिछानेलाई रिहाको माग गर्दै विमानस्थलद्वारमा रास्वपाका कार्यकर्ताहरूले प्रदर्शन गरेका थिए ।

जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक किशोर लम्सालले पर्सा जिल्ला अदालतबाट लामिछानेविरुद्ध गत बुधवार पक्राउ पुर्जी जारी भए अनुसार नै उनलाई बयानका लागि आज वीरगंज ल्याइएको बताए ।



रास्वपाका कार्यकर्ता र प्रहरीबीच झडपको स्थिति । तस्वीरः प्रतीक

वीरगंज महानगरपालिका–१० आदर्शनगरस्थित सानोपाइला बचत तथा ऋण सहकारी संस्थाबाट ग्यालेक्सी टेलिभिजनको नाममा ऋण प्रवाह भएको र सो टेलिभिजनसँग आबद्ध लामिछानेविरुद्ध पक्राउ पुर्जी जारी भएको बताइएको छ । सहकारी प्रकरणमा पूर्वडिआइजी छविराज जोशीको घरमा छापामारी हुँदा त्यहाँबाट बरामद प्रमाणमा लामिछानेको पनि संलग्नता देखिएको र सोही आधारमा निजमाथि पक्राउ पुर्जी जारी भएको प्रहरी स्रोतले पुष्टि गरेको छ ।

अहिले लामिछानेमाथि सम्पत्ति सुदृढीकरणको मुद्दा पनि लागेकोले उनीलाई ९० दिनसम्म हिरासतमा राखेर मुद्दा चलाउन सक्ने अधिकार प्रहरीलाई छ। यही कारणले लामिछानेलाई एकपछि अर्को सहकारीको मुद्दा लाग्ने र अदालतबाट पक्राउ पुर्जी जारी भएर बयान लिने कार्य भइरहेको छ ।

रवि लामिछानेलाई चितवनबाट गत बुधवार राति वीरगंज ल्याउने तयारी गरिएसँगै उनको बासको लागि जिप्रका, पर्साको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक कक्षनजीकको कोठा तयार गरिएको थियो । आज सोही स्थानमा उनलाई राखिएको छ र प्रहरी निरीक्षकको कमान्डमा एक दर्जन सुरक्षाकर्मी तैनाथ छन् ।

थुनुवामा लामिछानेलाई खाना र नास्ताको व्यवस्था प्रहरीले मिलाएको छ तर यस क्रममा कसैसँग भेटघाट भने गर्न नदिने योजना बनाइएको प्रहरी स्रोतले जनाएको छ। आज लामिछानेलाई पर्सामा ल्याउनु अघि मधेस र बाग्मती प्रदेशका गणबाट सुरक्षाका लागि थप प्रहरी झिकाएको छ ।

वीरगंज महानगरपालिकाका सहकारी महाशाखा प्रमुख सुनील कर्णले सानोपाइलाको रकम हिनामिनाविरुद्ध

(बाँकी अन्तिम पातामा)

## पर्सामा हरिया तरकारीखेती गर्ने किसानहरू घट्दै

धर्मेन्द्र चौरसिया, पोखरिया, २४ मङ्सिर/

पर्सा जिल्लामा हरिया तरकारीखेती गर्ने किसानहरूको सङ्ख्या घट्दो छ ।

कृषि ज्ञान केन्द्र र पालिकाहरूबाट पाउने सेवा सहयोगहरूमा कमी र जङ्गली जनावर नीलगाईको प्रकोप र हरिया तरकारीखेतीबाट लगानी अनुसारको मुनाफा नभएपछि किसानहरूले हरिया तरकारीखेतीमा रुचि देखाउन छाडेकाले विगतको तुलनामा हरिया तरकारीखेती गर्ने किसानहरूको सङ्ख्या आधाको हाराहारीमा घटेको अनुमान गरिएको छ।



पोखरिया–९ शिबर्वामा गरिएको तरकारीखेती । तस्वीरः प्रतीक

पोखरिया नगरपालिका–९ का जिमदार दास विगतको तुलनामा अहिले आधा खेतमा हरिया तरकारीखेती गरेको बताउँछन् । उनले १० कट्ठा जग्गामा हरिया तरकारीखेती गर्दै आएका थिए । अहिले आधामा हरिया तरकारीखेती गरिरहेका छन् । दास जस्तै गुलजार दास, वासुदेव साह, चोकट चौहानले पनि विगतको तुलनामा आधामा खेती गरेको बताए । उनीहरूले काउली, गोलभेडा, घिरौला, लौका, भन्टा, मूला, सिमी, कोसा, बोडीलगायतका हरिया तरकारीखेती गर्दै आएको तर लगानी अनुसारको मुनाफा नभएको कारणले यसपटक गत वर्षको तुलनामा आधामा हरिया तरकारीखेती गरेको बताए ।

पर्सा जिल्लाको बहुदरमाई नगरपालिकाको भौराटार, विश्रामपुर, पोखरिया नपाको शिबर्वा, फुलवरिया, चिलझण्टी, जीराभवनी गापाको नवकाटोला, पर्सागढी नपाको बडनिहार, घोडपसरा, मनवा, र ठोरी गापामा पनि हरिया तरकारीखेती हुन्छ । हरिया तरकारीखेती हुनेमध्ये जङ्गल क्षेत्रसँग जोडिएका क्षेत्रमा नीलगाईले दुःख दिंदै



आएको छ । यसका साथै कृषि ज्ञान केन्द्र, पालिकाहरूबाट दिइने सेवा र सुविधाहरूबाट किसान वञ्चित हुँदै गएपछि अहिले हरिया तरकारीखेती गर्ने किसानको सङ्ख्यामा ४० प्रतिशतले कमी आएको अनुमान गरिएको छ ।

पोखरिया नपाको कृषि शाखाका प्राविधिक राजेश साह किसानहरूलाई दिंइदै आएको तालीम, भ्रमणबाट हरिया तरकारीखेतीतर्फ आकर्षण पार्ने काम भएको तर अहिले सो कार्य बन्द भएकोले उनीहरूमा हरिया तरकारीखेतीबाट आकर्षण घटेको बताउँछन्। उनले कृषि ज्ञान केन्द्रबाट किसानहरूलाई बेलाबखत भ्रमण गराउने, तालिमहरू दिनुका साथै हरिया तरकारी खेति गर्न बीउबिजन, मलका साथै कृषियन्त्रहरूको पनि सहयोग गरिंदै आएको तर हाल पालिकास्तरमा सो सेवा सुविधाहरू किसानलाई उपलब्ध गराउने व्यवस्था भएको र पालिकाहरूले किसानका लागि काम नगरेकाले हरिया तरकारीखेतीतर्फ किसानहरूको आकर्षण घटिरहेको उनले बताए । उनले पालिकाहरूले हरिया तरकारीखेतीका लागि बजेट विनियोजन नगरेको र उनीहरूलाई सेवा सुविधाबाट वञ्चित पारिएकाले अहिले हरिया तरकारीखेती गर्ने किसानहरूको सङ्ख्या आधाको हाराहारीमा घटेको बताए ।

हरियो तरकारी गर्ने किसानहरूको

(बाँकी अन्तिम पातामा)

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

**द हिमाल इन्स्टिच्युट अफ हेल्थ एन्ड टेक्निकल साइन्स प्रा. लि.**

वीरगंजमा शैक्षिक सत्र २०८१/८२ को लागि डिप्लोमा इन फार्मेसीमा भर्ना खुलेको सहर्ष जानकारी गराइन्छ । भर्नाको लागि निवेदन दिने अन्तिम मिति यही मङ्सिर २७ गतेसम्म र फार्मेसी कार्यक्रममा भर्नाको लागि Pharmacy, HA, Staff Nurce कार्यक्रमको Pass List का विद्यार्थीहरूले भर्नाको लागि निवेदन दिने पाइनेछ। यदि Entrance नदिएको भए पुनः प्रवेश परीक्षाको लागि फाराम भर्ने अन्तिम मिति मङ्सिर २८ गतेसम्म रहेको सूचित गरिन्छ ।

**द हिमाल इन्स्टिच्युट अफ हेल्थ एन्ड टेक्निकल साइन्स प्रा. लि.**
वीरगंज, पर्सा
मोनंः ९८४५२२९९६३, ९८१२२९१०९६, ९८५५०३५६९२

**हार्दिक श्रद्धाञ्जली**



जन्मः
बि.सं. २०२५/०९/२६

स्वर्गारोहणः
बि.सं. २०८१/०८/१३

**स्व. मुक्ति साह तेली**

यस कम्पनीको उत्पादन शाखामा कार्यरत **श्री मुक्ति साह तेली**को मिति २०८१/०८/१३ गतेका दिन असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

QUEST PHARMACEUTICALS

**क्वेस्ट फर्मास्यूटिकल्स प्रा. लि. परिवार**

**विचारसार र सुक्तिहरू**

**भेद यो हो कि जो पूर्ण छैन, ऊ पूर्णताको दिशामा बाहिर हल्ला गर्दै हिंड्छ र जुन सत्य–वस्तु हो, त्यो उसको अधिकारमा रहँदैन ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com

# विदेशिनुको विकल्प कृषि

**नेपालका लाखौं युवाले विदेशमा श्रम बेच्न बाध्य हुने अवस्था दिन प्रतिदिन गहिरिंदै छ। वार्षिक झन्डै छ लाखभन्दा बढी नेपाली युवा रोजगारको खोजीमा विदेशिन्छन्। स्वदेशमैं उपयोग गर्न सकिने युवाश्रम, सीप र दक्षता विदेशिनुले देशभित्र रोजगारको अवसर खुम्चिनुका साथै कृषि क्षेत्रजस्तो सम्भावनायुक्त क्षेत्रमा अपेक्षित प्रगति हुन सकेको छैन । परिणामस्वरूप राष्ट्रलाई दीर्घकालीनरूपमा आर्थिक र खाद्य सुरक्षामा असर परिरहेको छ। नेपालबाट विदेशिने श्रमिकहरूले वार्षिकरूपमा १० खर्ब रुपैयाँभन्दा बढी विप्रेषण पठाउने गर्छन्, जसले राष्ट्रिय अर्थतन्त्रलाई केही राहत दिएको छ । तर यसको ठूलो हिस्सा खाद्यान्न, फलफूल, तरकारी र दूधजस्ता कृषि उपज आयात गर्नमैं खर्च भइरहेको छ। नेपालले वार्षिक झन्डै तीन खर्ब रुपैयाँ बराबरको कृषि उपज आयात गर्छ । जसमा चामल, गहुँ, दलहन, तेलहन, तरकारी र फलफूल मुख्यरूपमा छन्। देशभित्रकै जनशक्ति कृषि क्षेत्रमा परिचालन गर्न सके आयातमा निर्भरता कम हुनुका साथै रोजगार सिर्जना भएर विदेशिने क्रम घट्नेछ ।**

**नेपालजस्तो कृषिप्रधान देशका लागि कृषि क्षेत्र रोजगार सिर्जना र आयात प्रतिस्थापनको भरपर्दो माध्यम हो। यहाँको भूगोल, हावापानी र जलवायु कृषि उत्पादनका लागि उपयुक्त छ। तर देशको कुल भूमिमा २८ प्रतिशत जमीन मात्रै कृषि उत्पादनमा उपयोग भइरहेको छ, र त्यसमा पनि परम्परागत खेती प्रणालीको वर्चस्व छ। त्यसो त कृषि क्षेत्रमा नेपालभन्दा कम प्राकृतिक स्रोतसाधन भएका देशहरूले अत्याधुनिक प्रविधि र उत्पादनशील कृषिमा लगानी गरेर ठूलो प्रगति गरेका छन्। उदाहरणका लागि इजरायलजस्तो सानो मुलुकले न्यूनतम जमीन र सीमित जलस्रोतको उपयोग गरेर विश्वकै प्रमुख कृषि निर्यातकर्ता बन्न सफल भएको छ। जापान र नेदरल्यान्ड्सले पनि प्रविधिमैत्री कृषि अपनाएर स्वदेशी उत्पादनलाई प्रतिस्थापन गर्दै निर्यातसमेत गरिरहेका छन् । नेपालमा पनि आधुनिक कृषि प्रणाली, प्रविधिको प्रयोग, सिंचाइ प्रणालीको विस्तार र कृषि व्यवसायमा निजी क्षेत्रको आकर्षण बढाउन सकिएमा यस्ता सफलता प्राप्त गर्न सकिन्छ। वैदेशिक रोजगारमा जाने युवाहरूलाई स्वदेशमैं कृषि व्यवसायमा आकर्षित गर्न दीर्घकालीन नीति आवश्यक छ। यसको लागि आधारभूत पूर्वाधार सुधार हुनुपर्छ। सिंचाइको सुविधा, पहुँचयोग्य बजार र यातायातको सुधारले कृषिलाई व्यावसायिक बनाउन मदत पुग्छ ।**

**त्यसैगरी, कृषि प्राविधिक शिक्षा, व्यावसायिक तालीम, र प्रविधिको हस्तान्तरणबाट कृषिमा दक्ष जनशक्ति तयार गर्न सकिन्छ । कृषिका लागि सहुलियतपूर्ण कर्जा र बीमा सुविधा सरकारले उपलब्ध गराउने हो भने युवालाई कृषिमा आकर्षित गर्न सकिन्छ । यदि सरकारले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर लगानी गर्न सके, तल्लो तहदेखि माथिल्लो तहसम्म कृषि उत्पादन वृद्धि गर्न सके र स्वदेशी उत्पादनलाई प्रतिस्थापन गरेर निर्यातमुखी बनाउन सके भने नेपाललाई कृषि आत्मनिर्भर देशमा बदल्न सकिन्छ। यसले युवाशक्तिको विदेश पलायन रोक्ने मात्रै होइन, देशको आर्थिक सन्तुलन कायम गर्न पनि महत्त्वपूर्ण भूमिका खेल्नेछ । यसरी कृषि क्षेत्र नेपालको आर्थिक समृद्धि र रोजगारको प्रमुख आधार बन्न सक्ने अवस्था रहँदारहँदै पनि आखिर केले रोकेको छ ? अब खोज्ने बेला भएको छ। नेपालजस्तो कृषि सम्भावनायुक्त देशले खाद्यान्न आयातमा निर्भर रहनुको कारण के हो प्रश्न सोध्ने बेला भइसक्यो । सरकार, निजी क्षेत्र र युवाशक्तिले कृषि क्षेत्रलाई प्राथमिकतामा राख्न अब विलम्ब गर्नुहुन्न ।**

# स्वस्थ्य माटोको अपरिहार्यता

स्वतन्त्र विचार



राजेन्द्रप्रसाद कोइराला Phd
rajendrakoirala20@gmail.com

**अत्यधिक रासायनिक मल र कीटनाशकको प्रयोग, वनविनाश, र असन्तुलित कृषि अभ्यासले माटोको उर्वराशक्ति घटाउँदैछ। स्वस्थ माटोको संरक्षणका लागि जैविक मलको प्रयोग, माटो जाँच, वृक्षारोपण, र दिगो कृषि अभ्यासलाई प्रोत्साहन गर्नुपर्छ ।**

स्वस्थ माटो मानवजीवनको मुख्य आधार हो। यो केवल खेतीपातीका लागि मात्र नभई, पर्यावरणीय सन्तुलन, स्वच्छ पानी र स्वच्छ हावा सुनिश्चित गर्न पनि महत्त्वपूर्ण छ। स्वस्थ माटोले पोषणयुक्त अन्न उत्पादन गर्न सहयोग गर्छ, जसले मानव स्वास्थ्यलाई प्रत्यक्षरूपमा असर गर्छ। साथै माटोले कार्बनलाई अवशोषण गरेर जलवायु परिवर्तनलाई कम गर्न र जैविक विविधतालाई संरक्षण गर्न मदत गर्छ ।

तर अत्यधिक रासायनिक मल र कीटनाशकको प्रयोग, वनविनाश र असन्तुलित कृषि अभ्यासले माटोको उर्वराशक्ति घटाउँदैछ। स्वस्थ माटोको संरक्षणका लागि जैविक मलको प्रयोग, माटो जाँच, वृक्षारोपण र दिगो कृषि अभ्यासलाई प्रोत्साहन गर्नुपर्छ ।

अहिले स्थानीय तहमा मौलाएको नारा ‘सोइल टेस्ट’ अर्थात् माटोको परीक्षण। हरेक वर्ष स्थानीय तहले माटोको परीक्षणकै लागि भनेर लाखौं रुपियाँ खर्च गर्छन्। माटो परीक्षणपछिको नतीजा कस्तो आयो भनेर सार्वजनिक चाहिं गरिंदैन तर सत्य के हो भने प्रतिवर्ष नेपालमा माटोको अवस्था बिग्रँदै गएको छ । मानिसले आफ्नो स्वास्थ्य जाँच नियमितरूपमा गराउँछन् होला तर आफूले दैनिकरूपमा उपभोग गर्ने खाद्यान्न, तरकारीबाली उमार्ने माटोको स्वास्थ्यका बारेमा भने त्यतिधेरै ध्यान दिंदैनन् । हामीले माटोको स्वास्थ्यमा सामान्य कुरालाई मात्रै ध्यान दिने हो भने स्वस्थ माटोबाट स्वस्थ उत्पादन लिन सक्छौं । माटो परीक्षणले मुख्यतया: बिरुवालाई चाहिने पोषक तत्त्वहरू प्रदान गर्ने माटोको क्षमतालाई मात्र केन्द्रित गरिएको हुन्छ । यसरी माटोको समग्र गुणस्तरचाहिं थाहा हुँदैन । केवल बाली उत्पादन, पानीको गुणस्तर वा अन्य कुनै एकल परिणाम मापन गरेर माटोको गुणस्तर निर्धारण गर्न सकिंदैन। माटोको गुणस्तर हावा वा पानीको गुणस्तरभन्दा धेरै फरक छ। यो केवल माटो प्रदूषणको परिधिमा मात्र सीमित छैन। सामान्यतया माटोको गुणस्तरलाई माटोको भौतिक, रासायनिक र सूक्ष्म जीवविज्ञानी गुणहरूको अन्तर्क्रियाले निर्धारण गरेको हुन्छ ।

बाली उत्पादन, पानीको गुणस्तर वा अन्य कुनै एकल परिणाम मापन गरेर माटोको गुणस्तर निर्धारण गर्न सकिंदैन । माटोको गुणस्तर हावा वा पानीको गुणस्तरभन्दा धेरै फरक छ । माटोमा अन्तर्निहित क्षमतालाई समायोजन गर्ने हो भने यी गुणलाई किसानले व्यवस्थित गर्न सक्छन्। त्यसैले के भन्न सकिन्छ भने गुणस्तर माटो आंशिकरूपमा भएपनि स्वस्थ माटोको सङ्केत हो । माटोको गुणस्तर नै ‘माटोको स्वास्थ्य’ शब्दको उत्पत्ति भएको छ । मानिसको स्वास्थ्य जस्तै माटोको स्वस्थताको पनि जाँच गर्न सकिने कुरा गर्छन्, माटोविज्ञहरू। एउटा स्वस्थ मानिसका स्वास्थ्य सूचक तापमान, रक्तचाप, धड्कनको दर भए जस्तै माटोको स्वास्थ्य मापन गर्ने पनि धेरै सूचना छन्। मानिसले निरन्तर जानेर वा नजानेर माटोलाई अस्वस्थ बनाइरहेका छन्। आँखाले हेरेरै पनि माटोको स्वस्थता जाँच्न सकिन्छ। त्यसबारे हेर्न अन्य वैज्ञानिक आधार पनि छन् ।

माटोका बारेमा लामो समयदेखि अध्ययन गरिरहेका कृषि प्रचार अधिकृत कृष्ण धितालका अनुसार माटोको स्वस्थताका बारेमा जानकारी पाउने धेरै सूचक छन्। माटोको जैविक, रासायनिक र भौतिक गुणहरूबीचको सम्बन्धमा माटोको स्वास्थ्य निर्भर रहन्छ। स्वस्थ माटोले मात्रै स्वस्थ उत्पादन दिन सक्छ। लामो समयदेखि अर्गानिक उत्पादनमा जोड दिइरहेका वरिष्ठ कृषि प्रचार अधिकृत दीपक पौडेल भन्छन्, “मानव स्वास्थ्यको स्थिति जनाउन अत्यावश्यक सङ्केतहरू प्रयोग गरे जस्तै माटोको अवस्था स्वस्थ भए–नभएको पत्ता लगाउन स्वास्थ्य सूचकहरू विकास गरिएका छन्।”

जसरी रुघाखोकी लाग्नु फ्लुको सूचक हुन सक्छ, त्यसरी नै सुक्खा र पटपटी फुटेको देखिने पानीको मात्रा वा सङ्कलन कम हुनाले अस्वस्थ माटोको सङ्केत हुन सक्छ। यस्ता धेरै सङ्केतलाई माटोको स्वस्थताको सूचकका रूपमा प्रयोग गरिंदै आइएको छ । माटोको स्वास्थ्य मापन गर्ने कुनै पनि स्वीकृत, मानकीकृत तरीका भने छैन र यी सूचकले सधैं एक रूप परिणाम प्रदान पनि गर्दैनन् । यद्यपि वैज्ञानिकहरूले माटोको स्वास्थ्य मापन बुझ्न र सुधार गर्न आफ्नो प्रयास निरन्तर गरिरहेकै छन् । नेपालमा त्यसअनुसार काम हुन सकेको छैन र आधुनिक खेती प्रणालीको नाममा माटोको स्वास्थ्य ह्रास गर्ने काम भइरहेको छ ।

माटोको बारेमा अनेकौं अध्ययन र अनुसन्धानसमेत भएका छन्। अध्ययनले माटोको स्वास्थ्य मापन गर्नका लागि वैज्ञानिकद्वारा एउटा नयाँ तरीका खोजी गरेका छन् । जसलाई माटो स्वास्थ्य स्कोर कार्ड (नतीजा समेटिएको पत्र) भन्ने गरिएको छ । माटोको जैविक, रासायनिक र भौतिक गुणका बारेमा समग्र जानकारी प्रदान गरेपछि त्यसको स्वास्थ्य अवस्थाका बारेमा जानकारी मिल्ने भनाइ पौडेलको छ। कृषकले पनि आफ्नो माटो कति स्वस्थ र कति अस्वस्थ छ भनेर पत्ता लगाउने गर्छन्। किसानले आफूले खेती गरेको माटो खनेर गड्यौलाको सङ्ख्या गणना गरी आफ्नो खेतमा माटोको स्वास्थ्य अवस्थाको द्रुत मूल्याङ्कन गर्न सक्छन्। लामो समयदेखि माटोको स्वास्थ्यका बारेमा काम गरिरहेका कृषक महेश्वर दाहालले आफ्नो खेतबारीमा खन्दा र गोडमेल गर्दा गड्यौला धेरै देखियो भने त्यसले उत्पादन बढाउने र खेतबारीको स्वास्थ्य राम्रो हुने सङ्केत पाउँछन् । आफूले लगाएको बालीको जरा कति गहिरो जान्छ, माटोका डल्ला सजिलै फुट्छ कि फुट्दैन, माटोको रङ तुलना गर्दा पनि माटो स्वास्थ्यबारे बुझ्न सकिने उनको अनुभव छ। उनका अनुसार गाढा रङ हुनुले माटोमा अधिक जैविक पदार्थ वा जैविक कार्बन हुनुलाई जनाउँछ। अर्को शब्दमा भन्नुपर्दा यो माटोको स्वास्थ्यको राम्रो सङ्केत हो । यस्ता थुप्रै सूचकको प्रयोग गरी सामान्य किसानले पनि आफ्नो माटो स्वस्थ भए/नभएको, स्वस्थताको अवस्थामा परिवर्तन आएको कुरालाई सजिलैसँग केलाउन सक्छन् । माटोको सम्बन्ध सीधैं मानव स्वास्थ्यसँग जोडिएको हुन्छ । स्वस्थ माटोले नै स्वस्थ खाना उत्पादन गर्छ। स्वस्थ खानाले मानिसलाई स्वस्थ बनाउँछ । पशु चिकित्सक मणिप्रसाद सापकोटाको भनाइमा माटो र पशुको सम्बन्ध सीधैं मानव स्वास्थ्यसँग हुन्छ। यसर्थ स्वस्थ माटोका लागि चाहिने आवश्यक प्राविधिक र आर्थिक सहयोग जुटाउन पनि उत्तिकै जरुरी छ र हामी सबै एकजुट हुनुपर्छ। ‘माटोको स्वास्थ्य’ गएको दशकमा कृषि र वातावरणीय क्षेत्रमा अति उच्चारण गरिएको नारा हो ।

जसको प्रारम्भिक सन्दर्भ भने सय वर्ष अघिदेखि नै शुरू भइसकेको थियो। यसबीचमा माटोको स्वास्थ्य बुझ्न र बुझाउन धेरै मान्यता आएका छन् । त्यसबाट के बुझ्न सकिन्छ भने माटोको स्वास्थ्यका बारेमा चेतना बढ्दै गएको छ । कतिपयले माटोको स्वास्थ्यलाई माटोको गुणस्तरका रूपमा बुझ्ने गर्छन्। तपाईंका मनमा पनि यो प्रश्न उब्जन सक्ला तर माटोको स्वास्थ्य र माटोको गुणस्तरको तात्पर्य एउटै होइन। माटोको गुणस्तर एक विशिष्ट शब्द हो । जसले माटोको एक विशेष प्रकार्य वा सामूहिक कार्यहरू प्रदान गर्ने क्षमतालाई जनाउँछ। अर्को भाषामा भन्नुपर्दा माटोको गुणस्तर भनेको माटोले प्रदान गर्ने सेवाको क्षमता हो। जस्तै बाली उत्पादन गर्न सक्ने क्षमता, माटोका जीवलाई उचित वासस्थान प्रदान गर्ने क्षमता आदि ।

त्यसैले माटोले दिनुपर्ने सेवा (जसलाई कार्य पनि भन्न सकिन्छ), चाहे त्यो बिरुवाका लागि होस् या प्राणीजगत्का लागि होस्, त्यो सही अनुपातमा दिने क्षमता राख्छ भने त्यस्तो माटोलाई गुणस्तर माटोको संज्ञा दिन सकिन्छ । हामीले माटोको जैविक पदार्थ र बाली उत्पादनका लागि गुणस्तर थाहा पाउनु छ भने माटोको पोषक तत्त्वको स्थिति मापन गरेर माटोको गुणस्तर निर्धारण गर्न सकिन्छ । नाइट्रोजनले आफूसँगै भएको नाइट्रोजनको स्रोत गोठेमललाई सहीरूपमा प्रयोग गर्न नजान्दा नेपाली किसानले करोडौं मूल्य बराबरको नाइट्रोजन र युरिया मल गुमाइरहेका छन्। यससँगै रासायनिक मल खरीदका लागि बर्सेनि ठूलो परिमाणमा नेपाली पैसा विदेशिने गरेको छ । गोठेमलको स्रोतमा गोबरलाई बढी लिने प्रचलन किसानमा छ तर गोठेमलबारे अनुसन्धान गरिरहेका कृषि प्रचार अधिकृत धितालले पशुको गाइभैंसीलाई खुवाएको दाना र घाँसमा रहेको नाइट्रोजनमध्ये २० प्रतिशत मात्रै उसको शरीरमा प्रयोग हुने र बाँकी पिसाब र गोबरबाट बाहिर आउने गर्छ। त्यसमध्ये ५२ प्रतिशत भने पिसाबबाट बाहिर आउँछ। एउटा गाईभैंसीले दैनिक कम्तीमा छ लिटर पिसाब गर्छ। एउटा किसानको घरमा दुईवटा ठूला पशु छन् भने तिनबाट वार्षिक चार हजार ३८० लिटर पिसाब निस्कन्छ । एक वर्षमा त्यो पिसाब प्रयोग गर्दा १३६ किलो युरिया र ८० किलो नाइट्रोजन पाउन सकिन्छ। यो अहिलेको बजार भाउमा छ हजार रुपियाँभन्दा धेरै हुन्छ ।

एकैपटक धेरै आम्दानी बढाउन रासायनिक विषादी तथा मलको जथाभावी प्रयोगले माटोको गुणस्तरमा समेत ह्रास ल्याइरहेको छ। गाईवस्तुको मलमूत्र, घाँसपात, सोत्तरलाई गोठको नजीकै बनाइएको खाल्डो वा अन्य जग्गामा जम्मा गरी कुहाएर तयार पारिएको मल नै गोठेमल भएपनि त्यसको प्रयोग राम्रोसँग हुन भने सकेको छैन । नेपालमा जैविक मलको मुख्य स्रोतका रूपमा सोही मलको प्रयोग गरिन्छ।

गोबर, मूत्र, सोत्तर तथा झारपातको प्रयोग हुने हुँदा बाहिरी सामग्री किन्नका लागि थप खर्च लाग्दैन । गोठेमलको प्रयोगबाट माटोको बनोटमा सुधार ल्याउने मात्र नभएर माटोको पानी धारण शक्तिसमेत बढ्छ। यो मलको प्रयोगपछि माटोमा रहने सूक्ष्म जीवको सङ्ख्या र सक्रियतामा समेत हुन्छ ।

रासायनिक मलको प्रयोगले केवल एक वा दुई खाद्य तत्त्व छोटो समयका लागि परिपूर्ति गर्छ । जबकि एक बिरुवाको वृत्ति विकासका लागि करीब १६ विभिन्न खाद्य तत्व आवश्यकता पर्ने भएकाले रासायनिक मलको सट्टामा गोठेमलकै प्रयोग बढाउन आवश्यक रहेको कृषि विशेषज्ञहरू बताउँछन् ।

**अन्त्यमा,**

अत्यधिक रासायनिक मल र कीटनाशकको प्रयोग, वनविनाश, र असन्तुलित कृषि अभ्यासले माटोको उर्वराशक्ति घटाउँदैछ। स्वस्थ माटोको संरक्षणका लागि जैविक मलको प्रयोग, माटो जाँच, वृक्षारोपण, र दिगो कृषि अभ्यासलाई प्रोत्साहन गर्नुपर्छ ।

माटोको स्वास्थ्य संरक्षण गर्नका लागि हाम्रा प्रयासले मात्र मानवजीवनलाई स्वस्थ र भविष्यलाई सुरक्षित बनाउन सक्छ ।

# काठमाडौं महानगरमा वायु गुणस्तर निगरानी उपकरण जडान




काठमाडौं, २४ मङ्सिर/रासस

काठमाडौं महानगरपालिकाले ‘पार्टनरशिप फर हेल्दी सिटिज’ (पहल)को सहकार्यमा महानगर क्षेत्रभर वायु गुणस्तर निगरानी उपकरण जडान शुरू गरेको छ ।

महानगरको मुख्य कार्यालयमा एक समारोहका बीच उपमेयर सुनीता डङ्गोलले आज सो कार्यको औपचारिक उद्घाटन गरिन् । उपमेयर डङ्गोलले उपकरण जडानपश्चात् वास्तविक तथ्याङ्क प्रयोग गरी सूचित नीतिहरू बनाउन र स्वस्थ वातावरण सुनिश्चित गर्न महानगरपालिकालाई सहयोग पुग्ने बताइन्।

उनले भनिन्, “काठमाडौंमा वायु प्रदूषण घटाउन यो महत्त्वपूर्ण यात्राको सुरुआत हो ।” महानगरपालिकाको वातावरण व्यवस्थापन विभाग प्रमुख सरीता राईले वायु प्रदूषणविरुद्ध लड्न महानगरपालिकाको प्रतिबद्धता अनुसार उपकरण जडान थालिएको उल्लेख गरिन् । महानगरले छिट्टै सवारीसाधन प्रदूषण जाँच थालनी गर्ने तयारी गरेको तथा फोहोर जलाउनेलाई कडा कारबाही गरिएको उनले जानकारी गराइन्।

कार्यक्रममा परियोजना प्रमुख इन्जिनीयर सञ्जीव पाण्डेले वायु

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# पुरैनीमा आइपुगे कलहाँस

कञ्चनपुर, २४ मङ्सिर/रासस

बेलौरी नगरपालिका-६ स्थित पुरैनी तालमा प्रवासी पक्षी कलहाँस आइपुगेका लामो गर्दन, पङ्खको रङ खैरो हुने कलहाँस जलपक्षीमा सुन्दर पक्षीका रूपमा रहेको छ।

युरोपलगायतका क्षेत्रमा अत्यधिक चीसो बढेपछि बसाइँसराइ गरी आइपुग्ने कलहाँस गर्मी शुरू हुनुअगावै पुरानै ठाउँमा




छन्। उत्तरी धुव्रमा चीसो बढेपछि प्रत्येक वर्ष पुरैनी तालमा कलहाँसलगायतका जलपक्षीका प्रजाति आइपुग्छन्। विगतका वर्षमा कात्तिकको अन्तिम हप्तामैं पुग्ने कलहाँस यस वर्ष भने ढिलो गरी आइतवार मात्रै ताल क्षेत्रमा आइपुगेका हुन्।

४० भन्दा बढीको सङ्ख्यामा कलहाँसको झुन्ड यहाँ आइपुगेको हो। तालमा यस अघि नै कलहाँस, विजला गैरी हाँस, हरियो टाउके हाँस, सुनजुरे हाँस, सुइरेपुच्छे हाँस, खडखडे हाँस, मालक हाँसलगायत पुगेका छन्।

घरमैं पालिने हाँसभन्दा केही सानो कलहाँस हुने गर्छ। यसको तौल तीनदेखि पाँच किलोसम्म हुने गर्छ। सुन्तला रङको चुच्चो, गुलाबी खुट्टा, गोलोभारी शरीर, सेतो पुच्छर र पछाडिको छेउको साथ सादा, खैरो-खैरो हुन्छन्। माथिल्लो भाग गाढा खैरो, टाउको, घाँटी हल्का खैरो र तल्लो भाग सेतो रङको हुन्छ। "कलहाँस ताल क्षेत्रमा पुगेपछि रौनकता छाएको छ," चरा संरक्षणकर्मी सुवन चौधरीले भने, "यस पक्षीले लश्करै जलविहार गरेको दृश्य मनमोहक हुने गरेको छ।"

उनका अनुसार कलहाँसले आहारका रूपमा सिमसार क्षेत्रमा उपलब्ध हुने घाँसलाई पूरै जरासहित खाने गर्छन्। प्रजनन समयमा यस हाँसले सिमसार क्षेत्रमा गुँड बनाइ बच्चा कोर्लने गर्छ। शिकारका लागि ताल क्षेत्रमा विषादी राखेर मार्ने गरिएकाले यसको सङ्ख्या भने घट्दो छ। साइबेरिया, फर्कने गर्छन्।

चीसो छल्न र जलविहारका लागि मात्रै प्रवासी पक्षी यहाँ आउने गरेका छन्। प्रजननको समय शुरू हुनुअगावै फर्कने गरेका छन्। जलपक्षीका लागि आश्रयस्थलका रूपमा रहेका तालतलैया र सिमसार क्षेत्रलाई संरक्षण गर्नुपर्ने चराविज्ञ हिरुलाल डगौरा बताउँछन्।

"सिमसार क्षेत्र मासिँदै जाँदा प्रवासी पक्षी आउने क्रममा केही वर्षदेखि कमी देखिएको छ," उनले भने, "जलपक्षीको जलविहार गर्ने जलाधार क्षेत्रलाई संरक्षण गर्नु सबैको दायित्वभित्र पर्छ, सिमसार क्षेत्रलाई चरा पर्यटनका रूपमा विकास गर्न सकिन्छ, यसका लागि स्थानीय तहले चासो देखाउनुपर्छ।"



**कृषिमा प्रविधिको प्रयोग:** सुनसरीको इनरुवा-९ मा आधुनिक मेशीनको सहायताले मकै रोप्दै किसान। यो मेशीनबाट एक दिनमा एक बिघा जमीनमा मकै रोप्न सकिने किसान बताउँछन्। तस्बिरः नवीन गड्तौला/रासस

# बीमा प्राधिकरणका अध्यक्ष सिलवालविरुद्ध मुद्दा दायर

काठमाडौं, २४ मङ्सिर/रासस

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ। झूटा विवरण पेश गरी लाभ लिएको आरोपमा सिलवालविरुद्ध मुद्दा दायर गरिएको हो।

सिलवालले नागरिकतामा पटकपटक जन्ममिति संशोधन गरी नागरिकता तथा राहदानीमा केरमेट र जालझेल गरेको अख्तियारको आरोपपत्रमा उल्लेख छ। प्राधिकरणको अध्यक्षको हैसियतमा ६५ वर्ष उमेर हदबाट अनिवार्य अवकाश हुनुपर्नेमा सिलवालले विसं २०८० साउन १६ गतेदेखि ६६औं वर्षमा प्रवेश गर्दासमेत पदमा बहाल नै रही पछिल्लो नौ महीनादेखि पदको दुरुपयोग गरी लाभ, सुविधा र अधिकारको प्रयोग गरेको जनाइएको छ।

सिलवालको जिल्ला प्रशासन कार्यालय, पर्साबाट विसं २०३२ फागुन २४ गतेको नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गर्दा उमेर १६ वर्ष उल्लेख भएको तर जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट नेपाली नागरिकताको प्रतिलिपि २०६६ वैशाख १७ गते जारी नागरिकतामा जन्ममिति २०१६ कात्तिक २२ उल्लेख भएको जनाइएको छ।


यस्तै, त्रिभुवन विश्वविद्यालयबाट जारी डिप्लोमा तहको ट्रान्सक्रिप्टमा जन्ममिति २०१५ साउन १५ उल्लेख भएको अख्तियारद्वारा दायर भएको आरोपपत्रमा उल्लेख छ। सिलवाल स्वयंले भरेको नोकरी तथा वैयक्तिक विवरण (सिटरोल) मा समेत ट्रान्सक्रिप्टको जन्ममिति २०१५ साउन १५ उल्लेख गरी विवरण भरी निजामती सेवामा २०४३ साउन १ गतेदेखि राजपत्राङ्कित तृतीय श्रेणीको पदमा नियुक्ति लिएको पनि अख्तियारले जनाएको छ।

यसरी झूटा विवरण पेश गरी लाभ लिएको कसूरमा भ्रष्टाचार निवारण ऐन २०५९ अनुसार कारबाहीको माग गरिएको छ। यस्तै, सिलवालले २०८० साउन १५ गतेदेखि हालसम्म लिएको लाभ सुविधा रकम बराबरको रु ३६ लाख ६२ हजार १५४ बराबर असुलउपर मागदाबी गरिएको छ।

# नेप्से परिसूचकमा गिरावट कायमै

काठमाडौं, २४ मङ्सिर/रासस

यस साता कारोबारको पहिलो दिन उच्च अङ्कले घटेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सोमवार दोस्रो दिन पनि दोहोरो अङ्कको गिरावट देखिएको छ। नेप्से परिसूचक १२ दशमलव ८४ अङ्कले घटेर दुई हजार ६७६ दशमलव १५ को बिन्दुमा कायम भएको हो।



आज ३१७ कम्पनीका एक करोड १५ लाख २३ हजार तीन कित्ता शेयर ६२ हजार ७५८ पटक खरीद-बिक्री हुँदा रु पाँच अर्ब ६२ करोड ९९ लाख ४५ हजार ८२२ बराबरको कारोबार भएको छ।

आजको कारोबारमा वित्त समूह शून्य दशमलव १५, लगानी शून्य दशमलव ७६, उत्पादन तथा प्रशोधन एक दशमलव ०६, म्युचुअल फन्ड शून्य दशमलव १४ र अन्य समूह शून्य दशमलव ११ प्रतिशतले बढेका छन्। अरू सबै समूहका उपसूचक घटेका छन्। बैंकिङ शून्य दशमलव ४६, विकास बैंक शून्य दशमलव ६८, होटल तथा पर्यटन शून्य दशमलव ८३, जलविद्युत् शून्य दशमलव ५४ र जीवन बीमा समूह एक दशमलव ६७ प्रतिशतले घटेका छन्।

यसैगरी, लघुवित्त समूह शून्य दशमलव ६१, निर्जीवन बीमा समूह एक दशमलव १६ र व्यापार समूह एक दशमलव ३० प्रतिशतले घटेका छन्। इमर्जिङ नेपाल लिमिटेडको शेयर मूल्य आज सबैभन्दा धेरै आठ दशमलव ७६ प्रतिशतले बढेको छ।

सबैभन्दा धेरै घट्नेमा भने स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ। कारोबार भएको रकमका आधारमा आज सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको रु ३५ करोड २७ लाख २० हजार ४४९ बराबरको कारोबार भएको छ। शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै आरबिबी म्युचुअल फन्ड-को पाँच लाख १७ हजार चार सय कित्ता शेयर किनबेच भएका छन्।

# नेपालले अन्तर्राष्ट्रिय अदालतसामु माग्यो जलवायु न्याय

काठमाडौं, २४ मङ्सिर/रासस

परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले अन्तर्राष्ट्रिय अदालत (आइसिजे) मा जलवायु परिवर्तनका कारण नेपाललाई परेको असर र पाउनुपर्ने क्षतिपूर्तिबारे नेपालका तर्फबाट कुरा उठाएकी छन्।

अन्तर्राष्ट्रिय अदालतमा नेपालले पहिलोपटक जलवायु परिवर्तनको वर्तमान अवस्था र यसका कारण नेपालमा परेको असरका बारेमा आफ्नो अवस्था दर्शाउँदै जलवायु न्याय (क्लाइमेट जस्टिस)को माग गरेको हो।

विश्वका धनी तथा विकसित मुलुकहरूले कार्बन उत्सर्जन गर्दा नेपालजस्ता मुलुकलाई परेको असरका साथै यसका कारण नेपालले पाउनुपर्ने क्षतिपूर्तिका विषयमा केन्द्रित रही मन्त्री डा देउवाले उक्त अदालतमा नेपालको धारणा राखेकी हुन्।

सो अदालतको सुनुवाइका क्रममा उनले नेपाल दोहोरो मारमा परेको दृष्टान्त पेश गर्दै भनिन्, "जलवायु परिवर्तनका कारकमा नेपालको योगदान अति नगन्य छ तर पनि अहिले हामी जलवायुजन्य सङ्कटसँग जुध्नका लागि आवश्यक स्रोतको अभाव झेलिरहेका छौं। त्यसैले हामी दोहोरो मारमा परेका छौं।"

नेपालको भौगोलिक अवस्थिति र विकासको स्तरका कारण जलवायु परिवर्तनको प्रतिकूल असर देखिएको मात्र नभई नेपाल उच्च जोखिममा रहेको उनले बतायन्।

नेपालका उच्च पहाड र हिमालहरूले प्राकृतिकरूपमा जलवायु सन्तुलन कायम गर्दै आएका तथा यहाँका नदीहरूको स्रोत हिमाल रहेको र यही नदी स्थानीय बासिन्दाको पानीको स्रोत रहेकामा अहिले तिनै हिमाल कालापत्थरमा परिणत भइरहँदा यो नै प्राकृतिक विपत्तिको कारण बनेको उनले बताइन्।

इसिमोडको हालैको एक अध्ययनले अहिलेकै अनुपातमा हिउँ पग्लिंदै जाने हो भने हिन्दकुश हिमालय क्षेत्रका हिमनदीहरूले यो शताब्दीको अन्त्यसम्ममा हाल विद्यमान अवस्थाको ८० प्रतिशतसम्म हिउँ गुमाउने देखाएको दृष्टान्त पेश गर्दै मन्त्री डा देउवाले यसका कारण उच्च पहाडी क्षेत्रहरूमा बाढीपहिरोका साथै अन्य पूर्वाधारसम्बन्धी समस्या थप बढ्ने खतरा रहेको बताइन्।

उनले नेपालको संवेदनशीलतालाई सङ्केत गर्दै संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सन् २०२३ को अक्टोबरमा नेपालको संसद्लाई सम्बोधन गर्दै नेपालले जलवायु सङ्कट ज्यादै नराम्रोसँग भोगिरहेको बताएको मन्त्री डा देउवाले स्मरण गराइन्।

उनले भनिन्, "हामीले यसै वर्षको सेप्टेम्बरमा जलवायु परिवर्तनको सबैभन्दा नराम्रो परिणामको सामना गर्नुपर्‍यो। नेपालमा भीषण वर्षा भयो र हामीले अकल्पनीय क्षति पनि बेहोर्नुपर्‍यो। जसका कारण २५० भन्दा बढी मानिसको ज्यान गयो भने महत्त्वपूर्ण पूर्वाधारमा ठूलो क्षति पुग्यो।"

नेपालले यस वर्ष धेरै मात्रामा जलवायुजन्य विपद्हरूको सामना गर्नुपरिरहेको, बाढी पहिरोमा परेर तीन सयजनाको ज्यान जानुका साथै पिउने पानी, सडक, ऊर्जा, सिंचाइ तथा कृषिसम्बन्धी पूर्वाधारमा ठूलो क्षति पुग्दा देशमा एक अर्ब तीन करोड अमेरिकी डलरभन्दा बढीको नोक्सानी भएको जानकारी मन्त्री डा देउवाले सो अदालतसामु जानकारी गराइन्।

जलवायु परिवर्तनका कारण नेपालजस्ता देशले भोग्नुपरिरहेको यो अवस्था निकै नै अन्यायपूर्ण रहेको उनको तर्क थियो। उनले भनिन्, "यो अवस्था हेर्दा लाग्छ हामीले कहिल्यै नगरेको गलतीको सजाय भोग्दैछौं, हामीले कहिल्यै नगरेको अपराधमा हामीलाई दोषी साबित गरिँदैछ।"

नेपालको संविधानले स्वस्थ र स्वच्छरूपमा बाँच्न पाउने नागरिकको मौलिक अधिकारको व्यवस्था गरेको स्मरण गराउँदै यसका लागि नेपालले जलवायु परिवर्तनका क्षेत्रका चुनौतीहरूको सामना गर्न सामूहिक प्रयासहरू जारी राखेको पनि उनले बताइन्।

जलवायु न्यायको आशाका साथ नेपालले जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय प्रक्रिया र प्रतिबद्धताहरूलाई उच्च महत्त्वका साथ अगाडि बढाएको पनि उनले बताइन्।

जलवायु परिवर्तनले गर्दा मानवीय जीवनका आधारभूत अधिकारहरू जस्तो कि खाद्य अधिकार, स्वास्थ्य अधिकार, आवासको अधिकार, सरसफाइ र पानीको अधिकार आदिको प्राप्ति र उपभोगमा पनि बाधा पुगिरहेको उनले बताइन्।

त्यसैले नागरिकका यी मौलिक अधिकारको संरक्षण गर्न र विश्वका कार्बन उत्सर्जनमा बढी योगदान

(बाँकी पाँचौं पातामा)



**घुँघीफोर गरुडको बथान:** बेलौरी नगरपालिका-६ स्थित पुरैनी तालनजीक उड्दै गरेको लोपोन्मुख प्रजातिको घुँघीफोर गरुडको बथान। कम गहिराइ भएका ताल तथा जलाशय, बाढी पसेको धान खेत क्षेत्रमा यो गरुड प्रजातिको बथान पाइन्छ। यो गरुड यहाँको रैनाथे प्रजाति हो। तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस

# भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवस : नेपालको अवस्था झन् खस्कँदै

हेमन्त जोशी
काठमाडौ, २४ मङ्सिर/रासस

भ्रष्टाचार नियन्त्रणाका लागि गरिएका प्रयासहरू परिणाममुखी हुन नसक्दा देशमा सुशासनको अवस्था थप चुनौतीपूर्ण बन्दै गएको छ । सोमवार ‘भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवस’ मनाइरहँदा नेपालमा भ्रष्टाचार निवारण तथा सुशासन कायम गर्न भएका प्रयास र त्यसको उपलब्धिबारे गम्भीर समीक्षा गर्नुपर्ने जानकार तथा सरोकारवाला बताउँछन् ।

भ्रष्टाचार निवारणमा सरकार असफल देखिएको, कमजोर न्याय प्रणाली, नीतिगत अस्पष्टता एवं तिनको कार्यान्वयनमा देखिएका उल्झनले सुशासन कायम हुन नसकेको ट्रान्सपरेन्सी इन्टरनेशनललगायत संस्थाहरूले औंल्याउँदै आएका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन, महालेखापरीक्षकको प्रतिवेदनजस्ता सरकारी निकायकै आधिकारिक दस्तावेज र तथ्य–तथ्याङ्कले मुलुकमा भ्रष्टाचार बढिरहेको पुष्टि गर्छ ।

मुलुकको हालको अवस्थाले भ्रष्टाचार कम भएको सङ्केत र सुधार हुने आशा नदेखिएको ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालका अध्यक्ष मदनकृष्ण शर्मा बताउँछन् । “अहिले भ्रष्टाचार व्याप्त छ । घटेको अनुभूति हुन सकेको छैन । सरकारले नीतिगत निर्णय गर्दा होस् वा ठूलठूला परियोजनाका खरीद, नियुक्ति, सरुवा, बढुवामा भ्रष्टाचार हुने गरेको पाइएको छ,” उनी भन्छन्, “सुशासन कायम गर्नमा सहयोग पुऱ्याउने विभिन्न संस्थाहरूका वार्षिक प्रतिवेदन हेर्दा पनि भ्रष्टाचार निवारणमा देशको अवस्था झन्झन् खस्कँदै गएको देखाएका छन् ।”

सार्वजनिक जवाफदेहिता कमजोर बन्दै गएको तथा कानूनको कार्यान्वयन एवं परिपालनाको प्रत्याभूति हुन नसकेको उनको बुझाइ छ । त्यस्तै, भ्रष्टाचारको अनुसन्धान, अभियोजन र न्यायिक निरूपण प्रक्रिया क्रमशः कमजोर बन्दै गएको उनले बताए । “भ्रष्टाचारको अङ्क मात्र नभई क्षेत्र पनि बढ्दै गएको छ । तर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गरेका मुद्दामध्ये एक तिहाइ मात्र अदालतबाट कसूर साबित भएको छ,” शर्माले भने, “यसले दायर भएका मुद्दाको गुणवत्ता नै कमजोर हो वा न्यायिक प्रणालीमा समस्या हो भन्ने प्रश्न उठाएको छ । हामी भ्रष्टाचार नियन्त्रणमा सशक्त हुन सकेका छैनौं भन्ने यसबाट पनि पुष्टि हुन्छ ।” सुशासन कायम गर्ने सवालमा राजनीतिक नेतृत्व र प्रशासनबीचका अन्तरसम्बन्ध एवं सीमाहरू स्पष्ट हुन नसकेको र प्रशासनमा राजनीति हाबी भएजस्तो देखिएको पनि उनले बताए ।

भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने मुख्य जिम्मेवारी सम्बन्धित निकायका प्रमुखको हो । भ्रष्टाचार रोकथाम र नियन्त्रणमा अनुगमन र मूल्याङ्कनको भूमिका महत्त्वपूर्ण हुने भएपनि सार्वजनिक निकायहरूले यसलाई प्रभावकारीरूपमा सञ्चालन गर्न सकेको देखिंदैन । सम्बन्धित निकाय, मन्त्रालय, विभाग, निर्देशनालय एवं सार्वजनिक निकायका प्रमुखहरूले आन्तरिक निगरानी र नियन्त्रणको व्यवस्थालाई प्रभावकारी बनाउन आवश्यक रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता नरहरि घिमिरे बताउँछन् । भ्रष्टाचार नियन्त्रणमा सरकारका सबै निकाय, सार्वजनिक क्षेत्र, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, सञ्चारमाध्यमको भूमिका रहने उनको भनाइ छ । “सुशासन कायम गर्ने, आयोजना समयमा सम्पन्न गर्ने, खरीद व्यवस्थापनलाई राम्रो बनाउने, सार्वजनिक कोषको रकमलाई मितव्ययी र पारदर्शी बनाउने तथा त्यसलाई सही तरीकाले जनताको काममा खर्च गर्ने, तोकिएको समयमा लेखापरीक्षण गराउने, बेरुजू फछ्र्याेट गर्ने, अनियमितता नियन्त्रण गर्नेलगायतका जिम्मेवारी तीनै तहका सरकार र मातहतका निकायको जिम्मेवारी हो,” घिमिरेले भने, “भ्रष्टाचार भइसकेपछि दण्डात्मक र उपचारात्मक विधिबाट त्यसलाई नियन्त्रण, रोकथाम गर्न छानबीन र अभियोजन प्रक्रियामा मात्र आयोगको भूमिका रहने हो । आयोगले उजूरी प्राप्त गर्ने, छानबीन गर्ने र मुद्दा दायर गर्ने काम गर्छ ।”

**सूचकमा छैन सुधार**

ट्रान्सपरेन्सी इन्टरनेशनलले सार्वजनिक गरेको सन् २०२३ को भ्रष्टाचार अनुभूति सूचकाङ्क (करप्सन पर्सेप्सन इन्डेक्स–सिपिआई)मा नेपाल भ्रष्टाचार व्याप्त मुलुकहरूको सूचीमा छ । सिपिआईमा नेपाल ३५ अङ्कसहित १०८औं स्थानमा छ । ५० भन्दा तल अङ्क हुनुलाई भ्रष्टाचार व्याप्त रहेको मुलुकका रूपमा बुझिने अध्यक्ष शर्माले बताए । भ्रष्टाचार नियन्त्रणमा सरकार असफल देखिनु, कमजोर न्यायप्रणालीलगायत कारणलाई नेपालको कमजोरीका रूपमा ट्रान्सपरेन्सी इन्टरनेशनलले औंल्याएको छ ।

संविधानले प्रत्याभूत गरेको राज्यका नीतिहरूमा ‘राजनीतिक, प्रशासनिक, न्यायिक, सामाजिकलगायत सबै क्षेत्रको भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने’ उल्लेख छ । सरकारका नीति तथा आवधिक योजनाहरूले पनि सुशासन कायम गर्ने र भ्रष्टाचार निवारण गर्ने विषयलाई उत्तिकै प्राथमिकता दिएका छन् । १६औं योजनाको सोच ‘सुशासन, सामाजिक न्याय र समृद्धि’ हो । सुशासनमार्फत सामाजिक न्याय र समृद्धि हासिल गर्न सकिने १६औं योजनामा उल्लेख छ । राजनीतिक, प्रशासनिक, न्यायिक, निजी तथा गैरसरकारी क्षेत्रमा सुशासन कायम गर्नुलाई विद्यमान योजनाको उद्देश्यमा राखिएको छ । तर त्यसको कार्यान्वयन एवं प्रभावकारिता भने नगण्य छ ।

१६औं पञ्चवर्षीय आवधिक योजनाले भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकाङ्क आर्थिक वर्ष २०८५/८६ सम्ममा ४३ पुऱ्याउने लक्ष्य राखेको छ । अघिल्लो आर्थिक वर्ष २०७९/८० मा यस्तो सूचकाङ्क ३५ छ । जबकि, १५औं योजना कार्यान्वयनको वर्ष अर्थात् आर्थिक वर्ष २०७५/७६ मा ३४ अङ्कमा रहेको उक्त सूचकाङ्कमा अहिले पनि तात्त्विक सुधार देखिंदैन । त्यस्तै, १५औं योजना कार्यान्वयन हुँदै गर्दा अर्थात् पाँच वर्ष अघि विधिको शासन सूचकाङ्कमा नेपालको शून्य दशमलव ५२ अङ्क थियो । तर आर्थिक वर्ष २०७९/८० सम्म पुग्दा त्यो घटेर शून्य दशमलव ५२ अङ्कमा झरेको छ । अर्थात् विधिको शासन सूचकाङ्कमा नेपाल पहिलेको भन्दा झन् कमजोर बन्दै गएको छ । हाल कार्यान्वयनमा रहेको १६औं योजनाको लक्ष्य भने आर्थिक वर्ष २०८५/८६ सम्ममा विधिको शासन सूचकाङ्क शून्य दशमलव ६० पुऱ्याइनेछ ।

मुलुकलाई पूर्ण भ्रष्टाचारमुक्त बनाउन अर्थतन्त्रमा शतप्रतिशत नगदरहित कारोबारलाई आत्मसात् गर्नुपर्ने आवश्यकता १६औं योजनाले औंल्याएको छ । तर नेपालमा अदृश्य अर्थतन्त्रसम्बन्धी अध्ययन अनुसन्धान नभएकाले यसको आकार र गहिराइबारे यथार्थ तथ्याङ्क उपलब्ध छैन । फलस्वरूप यसले अर्थतन्त्रमा पारेको नकारात्मक प्रभाव आकलन गर्न सकिएको देखिंदैन ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३४औं वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०८०/८१) अनुसार गत आर्थिक वर्षमा मात्र २६ हजार ९१८ उजूरी दर्ता भएका थिए । स्थानीय सरकारविरुद्ध सबैभन्दा धेरै १९ हजार १०६ अर्थात् कुल सङ्ख्याको ५२ दशमलव ८० प्रतिशत उजूरी परेको देखिन्छ । त्यस्तै, प्रदेश सरकार र मातहत निकायका विरुद्ध चार हजार ४५७ अर्थात् १२ दशमलव ३२ प्रतिशत र सङ्घ सरकार तथा मातहत निकायका विरुद्ध १२ हजार ६२३ अर्थात् ३४ हजार ८८४ वटा उजूरी परेका थिए । सङ्घ र प्रदेश सरकारविरुद्धका उजूरीहरूमध्ये बागमती प्रदेशमा सबैभन्दा बढी छन् ।

स्थानीय सरकारका विरुद्ध परेका उजूरीहरूको बढी सघनता मधेस प्रदेशका स्थानीय तहमा देखिन्छ । अख्तियारमा परेका सङ्घीय मन्त्रालयविरुद्धका कुल उजूरीमध्ये भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयसँग सम्बन्धित उजूरी सबैभन्दा बढी अर्थात् १८ दशमलव १३ प्रतिशत रहेका छन् । त्यसैगरी, गृह मन्त्रालयको नौ दशमलव ९५ र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको नौ दशमलव ६९ प्रतिशत उजूरी रहेको देखिन्छ । विगत पाँच आर्थिक वर्षमा आयोगमा परेका उजूरीमध्ये सबैभन्दा बढी उजूरी पर्ने प्रमुख तीन क्षेत्रहरू सङ्घीय मामिला, शिक्षा र भूमि प्रशासन रहेको देखिन्छ ।

आयोगका प्रवक्ता घिमिरेका अनुसार पछिल्ला वर्षहरूमा उजूरीको सङ्ख्या बढ्नुको अर्थ सार्वजनिक निकायमा सुशासनको अवस्था खस्किनु हो । “झिनामसिनादेखि ठूलासम्मका उजूरी आउनेक्रम बढेको छ । गुनासो सुन्ने ठाउँमा सुनिएन, सेवाप्रवाह हुनुपर्ने ठाउँमा भएन, विकास निर्माण हुनुपर्ने ठाउँमा भएन, यस कारण आयोगमा उजूरीको सङ्ख्या बढिरहेको छ । हाम्रा सार्वजनिक निकायले सुशासन कायम गर्न नसक्दा उजूरीको सङ्ख्या बढ्यो,” उनी भन्छन्, “आयोगमा प्राप्त उजूरीको विश्लेषण गर्दा भ्रष्टाचार र अनियमितता व्यापक छ भन्ने देखिन्छ । विद्यमान विधि र संयन्त्रहरूले राम्रोसँग काम गर्न सकेका छैनन् भन्ने भान हुन्छ ।”

भ्रष्टाचार नियन्त्रण गर्ने पहिलो जिम्मेवारी सम्बन्धित निकायको हुने र आयोगले उपचारात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक तथा संस्थागत क्षमता विकासका रणनीतिहरू अवलम्बन गरी कार्यसम्पादन गर्दै आएको प्रवक्ता घिमिरेले बताए । जसमा उजूरीहरूको अनुसन्धान गर्ने, दोषी देखिएमा आरोपपत्र दायर गर्ने, पुनरावेदन एवं पुनरावलोकन आयोगले गर्दै आएको छ । यद्यपि दर्ता भएका उजूरीमाथि अनुसन्धान, अभियोजन तथा फछ्र्याेट प्रक्रियामा ढिलाइ हुने गरेको गुनासो छ । अर्कोतर्फ आयोगले दायर गरेका मुद्दामध्ये निकै कम मात्र कसूर साबित हुँदा आयोगकै कार्यशैलीमाथि पनि प्रश्न उठ्न थालेका छन् ।

महालेखापरीक्षकको ६१औं वार्षिक प्रतिवेदन अनुसार सरकारी कार्यालय, सङ्गठित संस्था तथा अन्य संस्था, समिति, प्रदेश निकाय र स्थानीय तहहरूको हालसम्म बेरुजू रु ११ खर्ब ८३ अर्ब नाघेको छ । पछिल्लो एक वर्ष अर्थात् आर्थिक वर्ष २०७९/८० मा मात्रै रु दुई खर्ब ३६ अर्ब ५५ करोड ५१ लाख बराबर बेरुजू थपिएको छ । प्रतिवेदन अनुसार सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह र संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको अद्यावधिक बेरुजू रु छ खर्ब ६९ अर्ब ८६ करोड रहेको छ । त्यस्तै, अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋणको कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम रु पाँच खर्ब १३ अर्ब ४० करोड ४३ लाख रहेको छ ।

यसरी अद्यावधिक बेरुजू र कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम रु ११ खर्ब ८३ अर्ब २६ करोड ८३ लाख पुगेको हो । महालेखापरीक्षकको प्रतिवेदनले भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्नका लागि विभिन्न सुझावसमेत दिएको छ । “पदीय आचरण, नैतिकता, सदाचारिता, निष्ठा अभिवृद्धि हुने कार्यसंस्कृति अवलम्बन गर्नुपर्छ । भ्रष्टाचारजन्य कार्य हुने प्रमुख जोखिम क्षेत्रबारे सूची तयार गरी त्यस्ता क्षेत्रलाई विशेष निगरानी गर्ने व्यवस्था मिलाउनुपर्छ,” प्रतिवेदनमा भनिएको छ, “नेतृत्वको पदमा जिम्मेवारी ग्रहण गर्नुपूर्व सम्बन्धित पदले सम्पादन गर्ने कार्य र त्यस्तो पद ग्रहण गर्ने व्यक्ति संलग्न रहेको पेशा, व्यवसाय र निजको पृष्ठभूमिबीच स्वार्थ नबाझिने कुरा सुनिश्चित गरी

(बाँकी पाँचौं पातामा)



**हुम्लामा हिमपातः** हुम्लामा आइतवार रातिदेखि हिमपात भएसँगै सोमवार बिहान सेताम्ये देखिएको हुम्ला सदरमुकाम सिमकोटका बस्ती । यो वर्ष ढिलो गरी हुम्लामा हिमपात भएको छ । तस्बिर : दाने बोहरा/रासस

## फरक समाचार

### ओ+ रक्तसमूह, मुटुरोगको जोखिम कम

ओ+ रक्तसमूहका थुप्रै विशेषता छन्, जसमा केही घातक रोगबाट बच्ने क्षमता पनि समावेश छ ।

रक्तसमूहले स्वास्थ्यमा धेरै असर पार्छ । प्रत्येक व्यक्तिले आआफ्नो रक्तसमूहको आधारमा प्रकृतिबाट केही जोखिम र विशेषताहरू पाएका हुन्छन् ।

ओ+ रक्तसमूहको सबैभन्दा ठूलो विशेषता भनेको यो कुनै पनि रक्तसमूहसँग मिल्न सक्छ । अर्थात् यस रक्तसमूह भएका व्यक्तिले कसैलाई पनि रगत दिन सक्छन् ।

यो रक्तसमूह अरूको लागि मात्र उपयोगी हुँदैन, यसले आफैंले पनि थुप्रै रोगबाट शरीरलाई सुरक्षित राख्छ ।




**मुटुरोगको जोखिम कम**

ओ+ रक्तसमूह भएका व्यक्तिहरूमा मुटुरोगको जोखिम अन्य रक्तसमूहमा तुलनात्मकरूपमा कम पाइन्छ । दरअसल, इ+ ब्लड ग्रूप वाले लोगों में खून के थक्के जमने की संभावना कम होती है, जो कि हार्ट अटैक और स्ट्रोक जैसे दिल से जुड▯ी समस्याओं के जोखिम को घटाता है।

वास्तवमा, ओ+ रक्तसमूह भएका व्यक्तिहरूमा रगत जम्ने सम्भावना कम हुन्छ, जसले हृदयाघात र स्ट्रोकजस्ता गम्भीर समस्या हुने जोखिम घटाउँछ ।

**क्यान्सरबाट बचाउट**

ओ+ रक्तसमूह भएका व्यक्तिहरू केही प्रकारका क्यान्सरबाट सुरक्षित हुन सक्छन् ।

यस रक्तसमूहका मानिसहरू ती जीनप्रति कम संवेदनशील हुन्छन्, जसले क्यान्सर कोशिकाहरूलाई बढावा दिन्छन् ।

**कलेजो–पित्ताशयका रोगको जोखिम कम**

ओ+ रक्तसमूह भएका व्यक्तिहरूलाई कलेजो र पित्तथैलीका रोगहरूको जोखिम कम हुन्छ ।

ओ+ रक्तसमूह भएका व्यक्तिहरूको पित्तथैलीमा खराब कोलेस्ट्रोल कम हुने भएकाले यससँग सम्बन्धित रोगहरूको जोखिम पनि कम हुन्छ ।

यसबाहेक यस रक्तसमूह भएका मानिसहरू कलेजोका रोगहरू जस्तै हेपाटाइटिस र सिरोसिसको जोखिम पनि कम हुन्छ ।

**सङ्क्रमणबाट बचाव**

यस रक्तसमूहका व्यक्तिहरूमा केही विशेष रोग प्रतिरोधात्मक प्रणाली हुन्छ, जसले भाइरस र ब्याक्टेरियाविरुद्ध लड्न मदत गर्छ ।

**मानसिकरूपमा बलियो**

ओ+ रक्तसमूह भएका मानिसहरू मानसिक स्वास्थ्य समस्याहरू जस्तै डिप्रेसन र चिन्ताबाट कम प्रभावित हुन्छन् ।

अनुसन्धानले देखाएको छ कि ओ+ रक्तसमूह भएका मानिसहरूले तनावलाई राम्रोसँग सामना गर्न सक्छन्, किनभने उनीहरूको शरीरमा तनाव हार्मोनको प्रतिक्रिया धेरै सन्तुलित हुन्छ ।

### ब्रेकअपपछि अर्को सम्बन्ध, तयार हुनुहुन्छ ?

ब्रेकअपपछि फेरि सम्बन्धमा आउनु अघि यसबारे गहिरो सोच्न आवश्यक छ ।

सम्बन्ध जीवनको एक महत्त्वपूर्ण भाग हो । यो शुरू भएदेखि अन्त्य नहुन्जेलसम्म धेरै सतर्कता अपनाउन आवश्यक हुन्छ ।

किनभने एक असफल सम्बन्धले तपाईंको मानसिक स्वास्थ्यलाई पूर्णरूपमा बर्बाद गर्न सक्छ ।

यो कुरामा कुनै शङ्का छैन कि एक्लो रहनु त्यति सजिलो छैन । तर एक्लोपनबाट बच्न हतारमा सम्बन्ध शुरू गर्नु राम्रो विचार होइन ।

त्यसैले, ब्रेकअपपछि फेरि सम्बन्धमा आउनु अघि यो जान्न आवश्यक छ कि तपाईं मानसिकरूपमा तयार हुनुहुन्छ वा हुनुहुन्न ।

**के तपाईं ब्रेकअपबाट अघि बढिसक्नुभएको छ ?**

यदि तपाईं आफ्नो ब्रेकअपबाट बाहिर आउन सक्नुभएको छैन भने कहिल्यै पनि अर्को सम्बन्ध शुरू गर्ने गलती नगर्नुहोस् ।

ब्रेकअप बिर्सनका लागि बनाइएका सम्बन्धहरू प्रायः समयसँगै विषाक्त बन्छन् ।



**‘एक्स’को याद आउँछ ?**

जससँग कहिल्यै राम्रो समय बिताइएको थियो, उसलाई पूरै बिर्सनु कसैका लागि पनि सम्भव हुँदैन ।

तर यदि तपाईं बारम्बार आफ्नो ‘एक्स’को यादमा हराउनुहुन्छ र प्रायः कुराकानीमा उसको कुरा उठाउनुहुन्छ भने, तपाईं अझै डेटिङका लागि तयार हुनुहुन्न ।

**एक्लोमा कस्तो महसूस हुन्छ ?**

यदि तपाईं एक स्वस्थ सम्बन्ध चाहनुहुन्छ भने, तबसम्म डेटिङ नगर्नुहोस्, जबसम्म तपाईं एक्लै रमाइलो गर्न सिक्नुहुन्न ।

धेरैजसो मानिस लामो सम्बन्ध टुटेपछि आफूसँग समय बिताउन सक्दैनन् ।

उनीहरूलाई सधैं खुशी रहनको लागि कसै न कसैको आवश्यकता पर्छ ।

**के तपाईंलाई थाहा छ, सम्बन्धबाट तपाईं के चाहनुहुन्छ ?**

यदि तपाईं आफ्नो सम्बन्धको बारेमा कुनै स्पष्ट दृष्टिकोणमा पुग्नुभएको छैन भने, टाइमपासका लागि एक सम्बन्धबाट अर्को सम्बन्धमा जानु तपाईंका लागि राम्रो हुँदैन ।

यस्तो गर्ने मानिसहरू अन्त्यमा डिप्रेसन र आत्मग्लानिको शिकार हुन्छन् ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# असद भए नभएको पुष्टि गर्न क्रेमलिनद्वारा अस्वीकार

मस्को, २४ मङ्सिर/एएफपी

सिरियाली राष्ट्रपति बशर अल असद भागेर मस्को पुगेको भन्ने समाचारको पुष्टि गर्न क्रेमलिनले सोमवार अस्वीकार गरेको छ।

क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले पत्रकारसँग भने, "असद कहाँ छन् भन्ने बारेमा मैले तपाईंलाई केही भन्न सक्दिनँ।"

कुर्दिश इस्लामवादी नेतृत्वको विद्रोही समूह दमास्कसमा प्रवेश गरेपछि देश छोडेर भागेको केही घण्टापछि नै असद र उनको परिवार मस्कोमा रहेको क्रेमलिन स्रोतले आइतवार रूसी समाचार निकायलाई जानकारी दिएको छ।

असदका छोरा रूसको राजधानी मस्कोमा अध्ययन गरिरहेका छन्।

"यदि रूसले असद र उनको परिवारलाई शरण दियो भने यो रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले लिने निर्णय हुनेछ," पेस्कोभले सोमवार भने, "राष्ट्रप्रमुखविना यस्ता निर्णय गर्न सकिंदैन र यो उनको निर्णय हो।"

उनले पुटिनको एजेन्डामा असदसँग कुनै भेटघाट गर्ने कार्यक्रम नभएको बताए।

रूसले युक्रेनका पूर्वराष्ट्रपति भिक्टर यानुकोभिचसहित कैयौं अपदस्थ नेतालाई आश्रय दिएको छ।

पछिल्ला केही दिनयता सिरियामा भएका नाटकीय घटनाबारे संक्षिप्त टिप्पणी गर्दै पेस्कोभले क्रेमलिन आश्चर्यचकित भएको बताएका छन्।

उनले भने, "जे भयो, त्यसले पूरै विश्वलाई आश्चर्यचकित बनाएको छ र यस मामिलामा हामी पनि यसको अपवाद होइनौं।"

रूसले सिरियामा रणनीतिकरूपमा महत्त्वपूर्ण सैन्य र नौसैनिक शिविरहरू राखेको छ, जहाँबाट उसले सन् २०१५ मा असदको पक्षमा सैन्य हस्तक्षेप शुरू गरेको थियो।

पेस्कोभले भने, "अब सिरियामा अस्थिरताका कारण निकै जटिल समय आउनेछ।"

रूसको सैन्य अखडाको अवस्था के हुन्छ भन्ने प्रश्नमा उनले भने, "अहिले नै केही भन्न सकिने अवस्था छैन। यो सिरियामा सत्तामा रहने जो कोहीसँग छलफलको विषय हो।"

क्रेमलिनका प्रवक्ताले ती अखडाको सुरक्षा निकै महत्त्वपूर्ण रहेको बताएका छन्।

उनले भने, "हामी सुरक्षा प्रदान गर्न सक्ने व्यक्तिसँग सम्पर्क गर्न सम्भव र आवश्यक सबै काम गरिरहेका छौं। हाम्रो सेनाले पनि सावधानीका उपायहरू अपनाइरहेको छ।"

क्रेमलिन स्रोतलाई उद्धृत गर्दै रूसी समाचार एजेन्सीहरूले आइतवार असदलाई सत्ताच्युत गर्ने विद्रोहीहरूले 'सिरियाको भूमिमा रूसी सैन्य अड्डा र कूटनीतिक संस्थाहरूको सुरक्षाको प्रत्याभूति' दिएको बताएका थिए।

मस्कोस्थित सिरियाली दूतावासले सोमवार उक्त भवनमा विपक्षीको झन्डा फहराएको थियो भने एक प्रवक्ताले उक्त कार्यालयबाट सामान्यरूपमा सेवा सञ्चालन भइरहेको बताएका छन्।

पेस्कोभले सिरियामा विद्रोही सेनालाई समर्थन गर्ने टर्कीएसँग रूस वार्तामा रहेको बताउँदै भने, "यहाँ सबै देशसँग वार्ता कायम राख्नु महत्त्वपूर्ण छ। हामी स्थितिको विश्लेषण गरी दृढतापूर्वक निर्णयमा पुग्नेछौं। रासस

# भारतीय उच्च कूटनीतिज्ञ बङ्गलादेशमा

ढाका, २४ मङ्सिर/एएफपी

विद्यार्थी नेतृत्वको क्रान्तिमा पूर्वप्रधानमन्त्री शेख हसिनालाई अपदस्थ गरेपछि उत्पन्न दुई छिमेकी देशबीचको तनाव कम गर्न भारतका उच्च कूटनीतिज्ञ सोमवार बङ्गलादेश पुगेका छन्।

पूर्वप्रधानमन्त्री हसिना प्रशासनलाई भारतले कडा समर्थन गरेको थियो। बङ्गलादेशमा विद्यार्थीले सरकारी जागीरको कोटा प्रणालीमा गरिएको अनियमिततालाई देखाउँदै शुरू गरेको आन्दोलनले उचाइ लिंदा ७७ वर्षीया हसिना आफ्ना परिवारका केही सदस्यसहित हेलिकप्टरबाट नयाँ दिल्लीमा पुगेकी थिइन्। बङ्गलादेशले उनको सुपुर्दगीको माग गर्ने घोषणा गरेको छ।

नोबेल पुरस्कार विजेता तथा प्रजातान्त्रिक सुधारहरू कार्यान्वयन गर्ने जिम्मा पाएको अन्तरिम सरकारका नेता महम्मद युनुस नेतृत्वको प्रशासनसँग भारतीय कूटनीतिज्ञ औपचारिक छलफलका लागि ढाका पुगेको यो पहिलो अवसर हो।

भारतीय विदेश मन्त्रालयका सचिव विक्रम मिश्र हसिनाको बहिर्गमनपछि दुवै देशका उच्च अधिकारीबीच पहिलोपटक व्यक्तिगत बैठकका लागि सोमवार बङ्गलादेशको राजधानी ढाका आइपुगेका हुन्।

"दुई देशबीचको सम्बन्धमा गुणात्मक परिवर्तन आएको छ भन्ने कुरालाई स्वीकार्नु आवश्यक छ," बङ्गलादेशका विदेशमन्त्री तौहिद हुसेनले मिश्रको भ्रमण अघि आइतवार भने।

"वास्तविकतालाई स्वीकार गर्दै सम्बन्धलाई अगाडि बढाउनुपर्छ, उनले भने।

मिश्रले ढाकामा रहँदा तौहिद र युनुससँग भेटघाट गर्ने कार्यक्रम थियो।

भारतले मुस्लिम बहुल बङ्गलादेशको हसिनापछिको आफ्नो अल्पसङ्ख्यक हिन्दू समुदायलाई सरकारले प्रतिशोधपूर्ण आक्रमणबाट पर्याप्त संरक्षण गर्न नसकेको आरोप लगाउँदै आएको छ।

गत महीना राजद्रोहको आरोपमा बङ्गलादेशमा एक प्रमुख हिन्दू धार्मिक व्यक्तिको गिरफ्तारीले तनावलाई अझ बढाएको छ।

प्रधानमन्त्री नरेन्द्र मोदीको भारतीय जनता पार्टी र यसका समर्थकहरूले आफ्नो सरकारलाई ढाकाको बारेमा थप कठोर अडान लिन आग्रह गरेका छन्।

युनुस प्रशासनले हिन्दूहरूमाथि भएको आक्रमणलाई बारम्बार स्वीकारेको छ र निन्दा गरेको छ। कतिपय घटनाहरूमा उनीहरू धर्मभन्दा राजनीतिबाट प्रेरित भएको युनुस प्रशासनको बुझाइ छ।

युनुसले भारतले हिंसाको मात्रालाई अतिरञ्जित गरेको र आफ्नो सरकारविरुद्ध 'प्रोपोगान्डा अभियान' चलाएको आरोप लगाएका छन्।

हसिनाको पलायनपछि बङ्गलादेशमा भारतविरोधी थुप्रै सडक प्रदर्शन भएका छन्।

आइतवार विपक्षी बङ्गलादेश नेशनलिस्ट पार्टी (बिएनपी)का सयौं कार्यकर्ताले ढाकास्थित भारतीय उच्चायोग (दूतावास)सम्म मार्च निकालेका थिए तर प्रहरीले बाटो रोकेपछि शान्तिपूर्णरूपमा तितरबितर भएका थिए। रासस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | अलमल | वृष | धनलाभ |
| मिथुन | कर्मप्राप्ति | कर्कट | राज्यलाभ |
| सिंह | रोगभय | कन्या | व्यापारवृद्धि |
| तुला | शत्रुपराजय | वृश्चिक | ज्ञानोदय |
| धनु | भयचिन्ता | मकर | मित्रमिलन |
| कुम्भ | अतिथिआगमन | मीन | सुयश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# दक्षिण कोरियाली राष्ट्रपतिमाथि यात्रा प्रतिबन्ध

सियोल, २४ मङ्सिर/एएफपी

दक्षिण कोरियाली राष्ट्रपतिमाथि सोमवार यात्रा प्रतिबन्ध लगाइएको छ।

दक्षिण कोरियाको न्याय मन्त्रालयले राष्ट्रपति युन सुक योललाई सैनिक शासनको घोषणा गरेको आरोपमा प्रहरीले अनुसन्धान गरिरहेको भन्दै यात्रा प्रतिबन्ध लगाएको जनाएको हो।

संसदीय सुनुवाइमा एक सांसदले मङ्गलवार सैनिक शासन घोषणा गरेर विद्रोहको नेतृत्व गरेको आरोप लागेका युनलाई देश छोड्न प्रतिबन्ध लगाइएको हो भनी गरिएको प्रश्नमा न्याय मन्त्रालयका अध्यागमन सेवा आयुक्त बे साङ-अपले भने, "हो, यो सही हो।"

"उत्तर कोरियाली कम्युनिस्ट शक्तिले निम्त्याएको खतराबाट जोगाउन र जनताको स्वतन्त्रता र सुखलाई लुट्ने राज्यविरोधी तत्त्वलाई समाप्त पार्न नागरिक शासन निलम्बन गरिएको हो," युनले घोषणाका क्रममा भनेका थिए। उनको घोषणा कोरियाली जनताको विरोधका सामु लामो समय टिकेन र 'मार्शल ल' लागू भएको घोषणा भएको केही घण्टापछि उनले आफ्नो निर्णय फिर्ता लिएका थिए।

राष्ट्रपतिको घोषणासँगै सेनाप्रमुख जनरल पार्क आन-सुको आदेशमा राजनीतिक गतिविधि र पार्टी, 'गलत प्रचार', हडताल र 'सामाजिक अशान्ति भड्काउने जमघट'माथि प्रतिबन्ध लगाइएको थियो।

घोषणाको जिम्मेवारी लिंदै रक्षामन्त्री किम योन ह्युनले पदबाट राजीनामा दिएका थिए भने उनलाई अनुसन्धानका लागि पक्राउ गरिएको छ। घटनामा दोषी रहेको आरोपमा तीनजना सैनिक जनरललाई पनि निलम्बनपछि अनुसन्धान थालिएको छ। रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**उड्दै गरेका कलहाँस:** बेलौरी नगरपालिका-६ स्थित पुरैनी तालनजीक उड्दै गरेका कलहाँसको बथान। उत्तरी ध्रुव (साइबेरियालगायतका ठाउँहरू)मा चीसो बढेसँगै यी चराहरू प्रत्येक वर्ष हिउँदको मौसममा यहाँ आइपुग्ने गर्छन्। गर्मी शुरू नहुँदै यी चराहरू पुनः साइबेरियातर्फ फर्कने गर्छन्। तस्बिरः राजेन्द्रप्रसाद पनेरू/रासस

# १२औं नेपाल मानव अधिकार अन्तर्राष्ट्रिय चलचित्र महोत्सव शुरू

काठमाडौं, २४ मङ्सिर/रासस

१२औं नेपाल मानव अधिकार अन्तर्राष्ट्रिय चलचित्र महोत्सव शुरू भएको छ। नेपाल मानव अधिकार अन्तर्राष्ट्रिय चलचित्र केन्द्रको आयोजनामा सामाजिक न्यायको नारासहित सोमवारदेखि शुरू भएको महोत्सवमा नेपालसहित २३ देशका ५३ वटा चलचित्र प्रदर्शन हुनेछन्।

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले महोत्सवको उद्घाटन गर्दै मानव अधिकार संरक्षण, संवर्द्धन र प्रवर्द्धनका लागि चलचित्र प्रभावकारी माध्यम रहेको बताए। उनले भने, "हामी मानव अधिकार विषयलाई चलचित्रमा कसरी अटाउन सकिन्छ भनेर यस किसिमका कार्यक्रम गरिरहेका छौं। समाजमा कानूनले बन्देज गरेका बालविवाह, महिला हिंसा, जातीय विभेद जस्ता अपराधका शृङ्खला रोकिएका छैनन्, यस कारण मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा चलचित्रको महत्त्वपूर्ण भूमिका रहन्छ।"

महोत्सवको उद्घाटनमा चलचित्र 'द म्यान हु कुड नट रिमेन साइलेन्ट' देखाइएको थियो। महोत्सवमा मानव अधिकारको पैरवीका लागि विभिन्न अन्तर्क्रिया तथा गोष्ठी आयोजना गरिने महोत्सवका निर्देशक पाण्डव खत्रीले जानकारी दिए। उनले महोत्सवमा कान्स र बर्लिनजस्ता विश्वचर्चित चलचित्र महोत्सवमा पुरस्कृत ण्चलचित्रहरू 'अल वी इमाजिन एज लाइट', 'द म्यान हु कुड नट रिमेन साइलेन्स', 'एन आउटरन', 'अनार दाना'लगायतका चलचित्र सहभागी भएको बताए।

नेपालसहित पाकिस्तान, बङ्गलादेश, भारतलगायत देशका चलचित्रकर्मीको सहभागिता रहने महोत्सव आगामी चार दिनसम्म चलचित्र विकास बोर्डको सभाहल र नेपाल पर्यटन बोर्डको सभाहलमा सञ्चालन हुनेछ। सन् २००९ मा स्थापना भएको मानव अधिकार चलचित्र केन्द्रले महोत्सव आयोजना गर्दै आएको छ।

**नेपालले ...**

पुऱ्याइरहेका देशहरूको दायित्वको पूर्णरूपमा कार्यान्वयन गर्न तथा नेपाललाई ती देशहरूबाट भौतिक, प्राविधिक र आर्थिक सहायता उपलब्ध गराउन आवश्यक रहेको मन्त्री डा देउवाको जोड थियो।

यस अदालतको परामर्शसहितको रायले विशेषगरी जलवायु परिवर्तनका विषयमा राज्यहरूको दायित्वलाई थप उजागर गर्ने, राष्ट्रहरूले आफ्नो दायित्व उल्लङ्घन गरेका खण्डमा त्यसलाई बोध गराउने र नेपालजस्ता पीडित राष्ट्रहरूलाई जलवायु न्याय प्राप्त गर्न सघाउने भएकाले नेपालले पनि जलवायु न्यायका लागि अपील गरेको उनको भनाइ थियो।

उनको प्रतिनिधिमण्डलमा रहेका कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव उदयराज सापकोटा र परराष्ट्र मन्त्रालयका उपसचिव शुभाङ्ग पराजुलीले पनि सो सुनवाइका क्रममा जलवायु परिवर्तनका क्षेत्रमा नेपालको अवस्था र व्यवस्थाको जानकारी गराउँदै नेपालले जलवायु न्याय प्राप्त गर्न पाउनुपर्ने तर्कहरू प्रस्तुत गरेका थिए।

संयुक्त राष्ट्रसङ्घीय महासभाको आदेश अनुसार सो अदालतले अहिले विश्वका १०० भन्दा बढी देशसँग जलवायु न्यायका लागि सुनवाइ गरी सुझावहरू लिइरहेको छ। सोहीबमोजिम नेपालले पनि आज जलवायु न्याय माग्दै आफ्नो दाबी पेश गरेको हो।

**काठमाडौं ...**

गुणस्तर उपकरणको प्राविधिक पक्षका बारेमा जानकारी गराउँदै जडानपश्चात् सम्पूर्ण तथ्याङ्कमा महानगरवासी सुसूचित हुने बताए।

यस परियोजना अन्तर्गत महानगरले १८ वटा 'क्ल्यारिटी नोड-एस' वायु गुणस्तर 'सेन्सर' स्थापना गर्दैछ। यसले वायुमा रहेको 'पिएम २.५'को वास्तविक समयको डाटा प्रदान गर्नेछ। पिएम २.५ भनेको वायुमण्डलमा पाइने साना धूलोका कणहरू हुन्, जसले फोक्सो र रक्तप्रवाहमा गहिरो असर गर्न सक्छन्।

यसले श्वासप्रश्वास र हृदयसम्बन्धी रोग उत्पन्न गराउनुका साथै दम, एलर्जी र फोक्सोको क्यान्सर जस्ता समस्या निम्त्याउँछ। विशेषगरी बालबालिका, वृद्धवृद्धा र पहिल्यै रोग भएका व्यक्तिहरू यसबाट बढी प्रभावित हुन्छन्। यी प्रविधिगत उपकरण सौर्य ऊर्जाबाट चल्ने र 'इनबिल्ट डेटा कनेक्टिभिटी'सहित छन्, जसले वास्तविक समयको डेटा महानगरको केन्द्रीय 'ड्यासबोर्ड'मा पठाउनेछन्।

'स्वच्छ र सफा महानगर अनि स्वस्थ महानगरवासी'को उद्देश्यलाई आत्मसात् गर्दै महानगरपालिकाले वायु प्रदूषण नियन्त्रण र वातावरणीय सुधारका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ।

**भ्रष्टाचारविरुद्धको ...**

औपचारिकरूपमा नैतिक आचारसंहिताको घोषणा गर्न लगाइ सोको अभिलेख गर्ने व्यवस्था गर्नुपर्छ। भ्रष्टाचारजन्य क्रियाकलापप्रति सामाजिक र सांस्कृतिकरूपमैं बहिष्करण गर्न जनचेतनायुक्त कार्यक्रम सञ्चालन गर्नुपर्छ।"

शङ्कास्पद तथा आपराधिक क्रियाकलाप र वित्तीय कारोबारसँग सम्बन्धित सूचनासम्बन्धी नियमन तथा सार्वजनिक निर्माणमा पारदर्शिता, समयपालना, गुणस्तर र दिगोपन कायम गर्न विद्युतीय शासनको अवधारणा अनुरूप सूचना प्रविधिमार्फत सेवाप्रवाह गर्नुपर्ने सुझाव महालेखाले दिएको छ।

**कानून निर्माण र कार्यान्वयन दुवै कमजोर**

नेपाल भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको पक्ष राष्ट्र हो। उक्त महासन्धिका प्रावधानलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९ तर्जुमा गरिएको छ। तर उक्त रणनीति तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयन अझै हुन सकेको छैन। राजनीतिक र प्रशासनिक दुवै क्षेत्रको सक्रिय पहलविना यो सम्भव नरहेको र कार्यान्वयनका लागि दुवै क्षेत्रले सहकार्यपूर्ण भूमिका निर्वाह आवश्यक रहेको अख्तियारका प्रवक्ता घिमिरे बताउँछन्। "पक्ष राष्ट्र भएपछि कानूनी दायित्व सिर्जना भएको छ। सरकारले त्यसको जिम्मेवारी लिनुपर्ने हुन्छ। हाम्रा कानूनी प्रक्रिया, संयन्त्रहरूमा सुधारको आवश्यकता छ," उनी भन्छन्, "अन्तर्राष्ट्रिय कानून अनुसार हाम्रा कानून परिमार्जन हुन सकेका छैनन्। निजी क्षेत्रको भ्रष्टाचारलाई हामीले भ्रष्टाचार निवारण ऐनमा समेट्न सकेका छैनौं। अनुचित कार्य हेर्ने निकाय छैन। स्वार्थको द्वन्द्वको कानून छैन। राष्ट्रिय सदाचार नीति छैन। यी कुरा भनेको राजनीतिक प्रतिबद्धतासहित मात्र सम्भव हुन्छ।"

सुशासनसम्बन्धी दुईवटा कानून परिमार्जनका लागि संसद्मा दर्ता भएर अड्किएको करीब पाँच वर्ष भयो। विसं २०७६ माघमा संसद्मा दर्ता भएका भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७६ अहिले पनि राष्ट्रियसभामा विचाराधीन छन्। यसमा राजनीतिक नेतृत्वले पहलकदमी लिन सकेको देखिंदैन।

भ्रष्टाचार निवारण भनेको सबै तह, क्षेत्र, निकाय मिलेर गर्ने हो। यसका लागि सबै पक्षको सहकार्य चाहिन्छ। तर मूल नेतृत्वले यसलाई गम्भीररूपमा लिनुपर्ने ट्रान्सपरेन्सी इन्टरनेशनलका अध्यक्ष शर्माको बुझाइ छ। "भ्रष्टाचार नियन्त्रण माथिल्लो तहबाट हुनुपर्छ। जुनसुकै निकायबाट हुने निर्णय प्रक्रियामा जोडिएको व्यक्ति आफ्नो स्वार्थबाट मुक्त हुन सकेमा र मुलुकको हितमा रही कानून अनुसार काम गरेमा सुशासन कायम हुन्छ," उनले भने। जबसम्म कानूनी प्रणालीमा सुधार, संस्थागत पारदर्शिता, र जिम्मेवारी बोध गर्ने संस्कार स्थापित हुँदैन, तबसम्म भ्रष्टाचारको समस्या समाधान हुन गाऱ्हो देखिन्छ। अहिले नै ठोस रणनीति र प्रभावकारी कार्यान्वयन नगरे, नेपालको सुशासनको लक्ष्य अझै टाढा रहनेछ।



**वृद्ध उमेर भएपनि घरमा त्यसै बसिरहनुभन्दा व्यापार गर्नु राम्रो** : धनुषाको ढल्केबरबाट स्थानीय गोठालासँग सुगा गाउँठाउँ डुल्दै व्यापार गरेको बताउँछन्, एकजना पक्षी व्यापारी। उनले कागभेला प्रजातिको सुगाले मानिसले जे बोल्यो त्यही आवाज निकाल्ने बताउँदै उनले एक जोडी सुगा अढाई हजारमा बिक्री गर्ने गरेको बताए। तस्वीरः जीतलाल श्रेष्ठ

**रवि ...**

वीरगंजका बचतकर्ताहरूले महानगरमा निवेदन दिंदा सानोपाइलाले उपलब्ध गराएका प्रमाणहरूमा लामिछानेको संलग्नता पुष्टि नभएको तर जोशीको घरबाट प्रमाणहरू बरामद भएपछि निजविरुद्ध पक्राउ पुर्जी जारी भएको बताए।

महानगरमा परेका उजूरीमा सानोपाइलाले बचतकर्ताहरूको ८८ करोड रकम हिनामिना गरेको देखिएको उनले बताए। महानगरपालिकाले सानो पाइलालाई सङ्कटग्रस्त घोषित गरिसकेको छ। सानो पाइलाविरुद्ध पर्सा जिल्ला अदालतमा १३ जनाविरुद्ध यस अघि नै पक्राउ पुर्जी जारी भएको र उनीहरूमध्ये केहीले अदालतले तोकेको धरौटीबापतको रकम बुझाएर साधारण तारेखमा छन्।

आज वीरगंज ल्याइएका लामिछानेविरुद्ध भोलि मङ्गलवारदेखि सरकारी वकीलको कार्यालयमा बयान लिने कार्यक्रम छ। गोरखा मिडियाका पूर्वसञ्चालक एवं पूर्वडिआइजी छविलाल जोशी र रामबहादुर खनाललाई लामिछाने अघि वीरगंज ल्याइसकेको प्रहरी स्रोतले बताएको छ। उनीहरूसँग आज जिल्ला सरकारी वकीलको कार्यालयमा बयान लिइएको छ।

लामिछानेविरुद्ध कास्कीको सूर्यदर्शन सहकारी, बुटवलको सुप्रिम सहकारी, चितवनको सहारा र वीरगंजको सानो पाइला बचत सहकारीको रकम अपचलनको आरोपमा बयान लिने कार्य हुँदै आएको छ।

**पर्सामा ...**

सङ्ख्या घटेको र गत असोज ११ र १२ गतेको वर्षाले हरिया तरकारीखेती नष्ट भएको र त्यसपछि कीराहरूले हरिया तरकारीखेतलाई असर पारेको कारण उत्पादन घटेर अहिले हरिया तरकारीको माग पूरा हुन नसक्दा भाउँस्थिर भएर महङ्गो भएको प्राविधिक साह बताउँछन्। पर्सा जिल्ला सरह अन्यत्रका किसानहरू पनि सेवा सुविधाबाट वञ्चित भएका र लगानी अनुसारको प्रतिफल नपाएर हरिया तरकारीखेतीबाट अन्य खेतीतर्फ पलायन भएकाले हरिया तरकारीको उत्पादन घटेको र अहिले सिजनमा पनि हरिया तरकारी महँगो भएको उनको बुझाइ छ।


## आगो, हिटर वा गिजर प्रयोगमा होशियारी अपनाऔं

> आगो वा हिटर नजीकबाट नतापौं,
> कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजीकै नराखौं,
> कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं,
> हिटरलाई समयसमयमा बन्द गर्ने गरौं,
> आगो वा हिटर बन्द गरेर मात्र सुतौं,
> आगो, हिटर र बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं,
> गिजरलाई बाथरूमबाहिर खुला ठाउँमा जडान गरौं,
> बाथरूममा गिजरको प्रयोग गर्दा भेन्टिलेशन खुला राखौं,
> गिजर खोलेर लामो समयसम्म बाथरूममा नबसौं,

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## मुकाम मासिक पुस्तकको विमोचन

प्रस, वीरगंज, २४ मङ्सिर/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले वैभव वीरगंजको धार्मिक, औद्योगिक, पर्यटन विशेषाङ्क मुकाम नामक मासिक पुस्तकको सोमवार विमोचन गरेका छन्।

आफ्नै कार्यकक्षमा सो पुस्तकको विमोचन गर्दै उनले वैभव वीरगंजको परिकल्पनालाई सार्थक पार्न आर्थिक, धार्मिक, औद्योगिक र पर्यटन करिडोरलाई समेटेर पुस्तक प्रकाशित गरिएको बताए।

उनले पर्यटकीय हिसाबले वीरगंजलाई केन्द्रमा राखेर यस करिडोर अन्तर्गत पर्ने बाराको सिम्रौनगढदेखि पर्साको ठोरी र चितवनको माडीसम्मका गन्तव्य लगायत चुरियामाई सुरुङदेखि यस क्षेत्रका धार्मिक मठमन्दिरलाई समेटेर विशेषाङ्क प्रकाशित गरेकोमा मुकाम मिडिया नेटवर्कलाई धन्यवाद ज्ञापन गरे।

उनले पुस्तकभित्र समेटिएका ठोरी, माडीदेखि सिम्रौनगढसम्मका सांस्कृतिक, ऐतिहासिक गन्तव्य, पर्सा राष्ट्रिय निकुञ्ज र चुरियामाई क्षेत्रसम्मको पर्यापर्यटनको सर्किटको रूपमा वैभव वीरगंजको धार्मिक पर्यटकीय सर्किट बनाउन सके पर्यटनको विकास गर्न सकिने विश्वास व्यक्त गरे।

वैभव वीरगंज अन्तर्गत महानगरका धार्मिकस्थलहरूको सौन्दर्यीकरण, नगरक्षेत्रको बृहत्तर सरसफाइ, प्रवेशद्वारको सौन्दर्यीकरणलगायतका कार्यहरू महानगरपालिकाले गरिरहेको र अझै गर्नुपर्ने काम धेरै भएपनि बजेट अभावको कारण गर्न नसकेको बताए। उनले वीरगंजलाई आर्थिक राजधानीका साथै धार्मिक र पर्यटकीय हिसाबले पनि भिजिटिङ हब बनाउने अभियानमा महानगर जुटेको जानकारी गराए।

# खेलकूदको संसार

## अपराजित रहँदै जनकपुर बोल्ट्स शीर्ष स्थानमा

काठमाडौं, २४ मङ्सिर

नेपाल प्रिमियर लिग (एनपिएल)मा आइतवारसम्म १५ खेल सम्पन्न भएका छन्। यही मङ्सिर २० गतेदेखि शुरू भएको एनपिएलमा जनकपुर बोल्ट्स आफ्ना सबै खेलमा विजयी हुँदै अङ्कतालिकामा शीर्ष स्थानमा रहेको छ। उसले चार खेलबाट आठ अङ्क जोडेको छ।

त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा जारी एनपिएलमा हालसम्मको खेल प्रदर्शनका आधारमा सबैभन्दा बलियो जनकपुर बोल्ट्स देखिएको छ। जनकपुर बोल्ट्सले उद्घाटन खेलमैं विराटनगर किङ्ग्सलाई आठ विकेटले पराजित गरेको थियो। दोस्रो खेलमा कर्णाली याक्सलाई आठ विकेटले नै हराएको थियो। तेस्रो खेलमा पोखरा एभेन्जर्सलाई सात विकेटले हराएको जनकपुरले चौथो खेलमा लुम्बिनी लायन्सलाई एक रनले पराजित गर्दै जीतको यात्रालाई कायमै राखेको छ।

यसैगरी, जारी एनपिएलमा चार खेल खेलेको सुदूरपश्चिम रोयल्स तीनमा जीत तथा एउटा खेलमा हारका साथ दोस्रो स्थानमा छ। यसले चार खेलबाट छ अङ्क जोडेको छ। सुदूरपश्चिम रोयल्सले पहिलो खेलमा विराटनगरलाई ९० रनले, दोस्रो खेलमा काठमाडौं गुर्खाजलाई ७३ रनले तथा तेस्रो खेलमा लुम्बिनी लायन्सलाई ४५ रनले पराजित गरेको थियो। चौथो खेलमा भने सुदूरपश्चिम रोयल्स चितवन राइनोजसँग ३३ रनले हारेको थियो।

यस्तै, चितवन राइनोज अङ्कतालिकाको तेस्रो स्थानमा छ। उसले हालसम्म चार खेल खेलेको छ। तीनमा जीत र एउटामा हार बेहोरेको चितवन राइनोजको छ अङ्क छ। चितवन राइनोजले पहिलो खेलमा काठमाडौं गुर्खाजलाई पाँच विकेटले तथा दोस्रो खेलमा पोखरा एभेन्जर्सलाई ८७ रनले हराएको थियो। तेस्रो खेलमा कर्णाली याक्ससँग छ विकेटले हारेको चितवन राइनोजले चौथो खेलमा सुदूरपश्चिम रोयल्सलाई ३३ रनले हराएको थियो।

कर्णाली याक्सले मध्यम प्रदर्शन गरेको छ। कर्णाली याक्सले चार खेलमा दुईमा जीत र दुईमा हार बेहोर्दै चार अङ्क जोडेको छ। कर्णाली चौथो स्थानमा छ। कर्णाली पहिलो खेलमा जनकपुरसँग आठ विकेटले र दोस्रो खेलमा काठमाडौं गुर्खाजसँग तीन विकेटले हारेको थियो। कर्णालीले तेस्रो खेलमा चितवनलाई छ विकेटले तथा चौथो खेलमा विराटनगरलाई सात रनले हराएको थियो।

पोखरा एभेन्जर्स दुई अङ्कसहित पाँचौं स्थानमा छ। उसले तीन खेलमा एकमा जीत दुईमा हार बेहोरेको छ। पोखरा पहिलो खेलमा चितवनसँग ८७ रनले र दोस्रो खेलमा जनकपुरसँग सात विकेटले पराजित भएको थियो। तेस्रो खेलमा पोखराले लुम्बिनी लायन्सलाई १० विकेटले हराएको थियो।

काठमाडौं गुर्खाज दुई अङ्कसहित छैटौं स्थानमा छ। काठमाडौं पहिलो खेलमा चितवनसँग पाँच विकेटले हारेको थियो। दोस्रो खेलमा कर्णालीलाई तीन विकेटले हराएको काठमाडौं तेस्रो खेलमा सुदूरपश्चिमसँग ७२ रनले पराजित भएको थियो।

विराटनगर किङ्ग्स दुई अङ्कका साथ सातौं स्थानमा छ। विराटनगरले तीन खेलमा हार तथा एउटामा मात्र जीत निकालेको थियो। पहिलो खेलमा विराटनगर जनकपुरसँग आठ विकेटले हारेको थियो। दोस्रो खेलमा सुदूरपश्चिमसँग ९० रनले हारेको विराटनगरले तेस्रो खेलमा भने लुम्बिनीलाई दुई विकेटले पराजित गरेको थियो। चौथो खेलमा विराटनगर कर्णालीसँग सात रनले हारेको थियो।

लुम्बिनी लायन्स चारवटै खेलमा हार बेहोर्दै अङ्कतालिकाको पुछारमा छ। लुम्बिनी पहिलो खेलमा विराटनगरसँग दुई विकेटले, दोस्रो खेलमा पोखरासँग १० विकेटले, तेस्रो खेलमा सुदूरपश्चिमसँग ४५ रनले तथा चौथो खेलमा जनकपुरसँग एक रनले पराजित भएको थियो।

मङ्गलवार एनपिएलमा दुई खेल हुनेछन्। पहिलो खेलमा चितवन राइनोज र लुम्बिनी लायन्सबीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो खेल कर्णाली याक्स र पोखरा एभेन्जर्सबीच खेल हुनेछ।

## पञ्चवर्षीय गढीमाई मेलामा बलिदान सम्पन्न



प्रस, वीरगंज, २४ मङ्सिर/

बाराको महागढीमाई नगरपालिका–१ बरियारपुरमा जारी पञ्चवर्षीय गढीमाई मेलामा बलिदानी कार्य सोमवार सम्पन्न भएको छ।

हिजो राँगा र आज सोमवार बोकालगायत पशुपक्षीको बलिदान दिने कार्य सम्पन्न भएको छ। बलिदानका लागि शुक्रवारदेखि मानिसहरूको अत्यधिक भीड बढेको थियो।

हिजो राँगा र आज बोकालगायत पशुपक्षीको बलिदान दिइएको मेला मूल समारोह समितिले जनाएको छ। राँगाको बलिदानका लागि बलि उपसमितिले मन्दिरअगाडि ब्रह्मस्थानको चौरमा व्यवस्था मिलाएको थियो।

तर बोकाको बलि भने परम्परागतरूपमा मन्दिरको चार किल्लाभित्र गरिएको छ। गत वर्ष साढे सात हजार राँगाको बलिदान भएको थियो भने यसपटक करीब १० हजारको सङ्ख्यामा बलि चढेको मेला मूल समारोहका अध्यक्ष एवं महागढीमाई नपाका प्रमुख उपेन्द्र यादवले बताए।

आज बोकालगायत पशुपक्षी हजारौंको सङ्ख्यामा बलिदान भएको अनुमान गरिएको छ। मन्दिर वरिपरिका क्षेत्रलाई चार किल्ला बनाएर बलि दिने कार्य भएकोले बोकालगायतका पशुपक्षीहरूको यकीन सङ्ख्या आकलन हुन सकेको छैन।

आज बलिदान सम्पन्न भएको र बाँकी भाकलका बलि यसै वर्षको आगामी माघे सङ्क्रान्ति र त्यसपछि फागु पूर्णिमाका दिन बलि दिएर यसपटकको बलिदानी सम्पन्न हुन्छ र त्यसपछि अर्को पाँच वर्षमा लाग्ने मेलामा मात्र बलिदानीको कार्य हुन्छ।